जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक २, २०७७ साल साउन १६ गते शुक्रबार, नेपाल संवत् ११४० (July. 31, 2020) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

### ट्राफिकमा लुटतन्त्र

काठमाडौं। भक्तपुर र काभ्रेका ट्राफिक प्रहरीहरूले दैनिक र मासिक सलामी दस्तुरहरू भनी उठाउने र लुकाउने गरेको सम्बन्धमा नेपाल मजदुर किसान पार्टीका जिल्ला नेताहरूले चासो र खोजी गर्दै रहेको सम्बद्ध स्रोतबाट बुझिएको छ। दण्ड जरिवाना बापतको नक्कली रसिदहरू चालकलाई दिने र उठेको रकम लुकाउने गरेको पनि अनियमितताहरू छानबिनको विषय बनेको छ।

अवैध ओसारपसार कारोबार गर्ने सवारी साधनका मालिक र चालकहरूसँग बाँकी ८ पेजमा

### कोरोनाबाट बच्न नयाँ नियम

काठमाडौं। कोभिड-१९ को जोखिम झन् झन् बढ्दै गएपछि जिल्ला प्रशासन कार्यालय काठमाडौंले सेवाग्राहीको हितलाई ध्यान दिई कोरोनाबाट बच्न भीडभाड कम गर्न नयाँ नियम ल्याएको छ।

सामाजिक दूरी कायम गर्न भन्दै कार्यालयले साउन १८ गतेदेखि लागू हुने गरी नयाँ नियम ल्याएको हो। तोकिएका बार मिलाएर मात्र सम्बन्धित सेवाग्राही कार्यालयमा आउन पनि कार्यालयले आग्रह गरेको छ। बाँकी ८ पेजमा

## भारत कालापानी छोड्न किन चाहँदैन ?

काठमाडौं। नेपाली भूमि कालापानीमा 'नेपाली नछिरुन्' भनेर भारतले नेपाललाई चेतावनीयुक्त पत्र पठाएपछि नेपालले पनि नेपालको भूमिमा नेपालीलाई कुनै बाधा नगर्नु' भनेर जवाफ पठाइदिएको छ। दार्चुलाको गुन्जी, कालापानी र लिम्पियाधुरालाई भारतीय क्षेत्र भन्दै त्यहाँ नेपालीको प्रवेश रोक्न धार्चुलाका जिल्ला अधिकारीले दार्चुलाका प्रमुख जिल्ला अधिकारीलाई २० असारमा पत्र लेखेका थिए। यसको जवाफमा दार्चुला जिल्ला प्रशासनले १४ साउनमा पत्र पठाउँदै लेखेको छ- 'नेपाल र ब्रिटिस इन्डिया कम्पनीबीच सन् १८१६ मा सम्पन्न सुगौली सन्धिको धारा ५ तथा त्यस समयमा प्रकाशित नक्साहरू र ऐतिहासिक तथ्य प्रमाणबाट लिम्पियाधुरा, नाबी, कुटी, गुन्जी, लिपुलेक कालापानी लगायत क्षेत्र नेपालको भूभाग रहेको स्पष्ट नै छ। यी नेपाली भूभागहरूमा नेपालीको आवतजावत स्वाभाविक नै रहेको हुँदा कहीं कतैबाट बाधा अड्चन हनुहुँदैन भन्ने नेपालको धारणा रहेको जानकारी गराउँछौं। भारतको पिथौरागढ जिल्लाको धारचुला क्षेत्रका उपजिल्ला अधिकारी अनिलकुमार शुक्लाले दार्चुलाका प्रजिअ शरदकुमार पोखरेललाई नेपालका भूमि गुन्जी, कालापानी, लिम्पियाधुरा आफ्नो भन्दै त्यहाँ नेपालीलाई जान नदिने आशयको पत्र पठाएका थिए। नेपालले कालीनदीको उद्गमस्थल लिम्पियाधुरासम्मको क्षेत्र संविधानमै समेटेर राजनीतिक तथा प्रशासनिक नक्सा जारी गरिसकेको अवस्थामा नि भारतले ती भूभागमाथिको दाबी अझै छोडेको छैन। ती नेपाली भूभागमा नेपालीलाई नै छिर्न नदिने धृष्टता गरेर भारतले आफ्नो भौगोलिक विस्तारवादी चरित्रलाई उदाङ्गो बनाइरहेको छ।

सन् १८१६ अघि नेपालको सिमाना पूर्वमा टिस्टा र पश्चिममा काँगडासम्म फैलिएको थियो। आजको भारतको उत्तराखण्ड राज्य नेपालकै भूभाग हो। पूर्वको टिस्टासम्मको मैदानी भूभाग पनि नेपालकै सरहदभित्र रहेको थियो। दार्जिलिङ, करसाङ मात्र होइन, भुटानका ६ गाउँसम्म नेपालको प्रशासन चल्थ्यो।



तर सन् १८१६ मार्च ४ को इस्ट इन्डिया कम्पनीसँग भएको सुगौली सन्धिले नेपालले आफ्नो एकतिहाई भूभाग गुमायो। सुगौली सन्धिको धारा ५ ले नेपाललाई काली (महाकाली) नदीपूर्वमा समेट्यो। नेपालको सिमाना कालीनदीलाई निश्चित गर्‍यो। सो धारामा काली नदीदेखि पश्चिमतर्फ नेपालका राजा महाराजा तिनका वंशज र उत्तराधिकारीले आफ्नो हकदावी गर्ने छैनन् भन्ने लेखिएको छ। सन् १८६० मा अर्को प्रत्यावर्तन सन्धि भयो। यो सन्धिमार्फत ब्रह्मदेव मण्डीदेखि तलतिर राप्तीदेखि पश्चिम तथा कालीपूर्वका चार जिल्ला बाँके, बर्दिया, कैलाली र कञ्चनपुरलाई विभिन्न सीमास्तम्भका माध्यमले नेपालमा जोडियो। सुगौली सन्धिले कालीनदीलाई सिमाना मानेर दुई देशलाई छुट्याएको छ। विवादको मूल चुरो कालीनदीको मुहान कहाँ पर्छ भन्नेमा हो।

सुगौली सन्धिको दस्तावेज उक्त क्षेत्रको नक्सा र भूगोलको अध्ययन गरेका जानकारहरू दार्चुलाको ब्यास गाउँपालिका १ स्थित लिम्पियाधुरा हुँदै आउने स्थानीय सौका जातिको भाषाको कुटी याङ्ती नदी महाकालीको मुहान भएको दाबी गर्छन्। तर भारतले भने लिम्पियाधुराको ३५ किलोमिटर पूर्व कालापानीमा कृत्रिम खोला बनाएर त्यसैलाई महाकाली नदीको मुहान भएको तर्क गर्दै आएको छ। २०५५ सालमा कालापानीको अतिक्रमित भूभाग विस्तार गरेर भारतले काँडेतार नै लगाएको छ। कालापानीको विषय चीनसँग पनि जोडिएको छ। ११ अप्रिल २००५ मा तत्कालीन चिनियाँ प्रधानमन्त्री वेनजियाबाओका भारत भ्रमणमा जाँदा लिपु भन्ज्याङलाई चीन र भारतबीचको मिलनबिन्दु मान्ने सहमति भएको थियो। जबकि नेपाल र चीनबीच २०१८ सालमा भएको सिमाना सन्धिपत्रको दफा १ मा चीनसँगको नेपालको पश्चिमी सीमारेखा कालीनदी र तिंकर नदीको पानीढलो भएको ठाउँबाट सुरु हुने भनिएको छ। त्यसमा कालापानी लिपु र लिम्पियाधुराको सार्वभौमिकता नेपालमा रहेको चीनले स्वीकार गरेको छ। तर चीनले सन् २०१५ मा भारतसँग लिपुलेकमा व्यापारिक मार्ग खोल्ने सम्झौता गरेर नेपालीहरूलाई चोट पुर्‍याएको छ। दार्चुलाको १९८ किलोमिटर सिमाना भारत र १५ किलोमिटर चीनसँग जोडिएको छ। सीमापारि भारतको धार्चुला तहसिल अन्तर्गत पर्ने उत्तरी क्षेत्र घट्टेवगडदेखि नेपालको कालापानीसम्म भारतीय सुरक्षाकर्मीका १८ वटा युनिट तैनाथ छन्। कालापानी क्षेत्रबाट नजिकको नेपाली बस्ती करिब १० किलोमिटर दूरीमा रहेको धाइरुमा भर्खरै सशस्त्र प्रहरीको युनिट तैनाथ गरिएको छ। तर यो सरकारले गरेको नयाँ काम होइन। भारतका बाँकी ८ पेजमा

## जनता बाढीपहिरोको भेलमा सरकार सत्ता टिकाउने खेलमा



काठमाडौं। काम कुरो एकातिर कुम्लो बोकी ठिमितिर भनेझैं बाढीपहिरोले मुलुकभर तहसनहस बनाइरहेको अवस्थामा जनताको अभिभावकका रुपमा रहेको सरकार सत्ताको लुछाचुँडी र कुर्सी बचाउने खेलमा तल्लीन रहेको छ। मनसुनको प्रभावसँगै परेको अत्यधिक वर्षाले बाढी पहिरो र डुबानको ठूलो समस्या निम्तिएको छ। पछिल्लो चरणको वर्षाले पश्चिम नेपाल बढी प्रभावित बन्न पुगेको छ। बाढीपहिरोमा परी ११ जनाको मृत्यु भएको छ भने चारजना बेपत्ता भएका छन्। ६ हजार परिवारले डुबानको समस्या झेलिरहेका छन् भने दुई हजारको संख्यामा मानिसहरू विस्थापित भएका छन्।

पहिरोले घर पुरिँदा कालिकोटमा नौ जनाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन्। गत सोमबार, मंगलबार बाढीले बेपत्ता पारेका सात जना भेटिएका छैनन्। प्रदेश ५ को दाङमा पहिरोले घर बाँकी ८ पेजमा

## विवाद अब केन्द्रीय कमिटीमा ?

काठमाडौं। सत्तारुढ दल नेकपाभित्रको शक्ति संघर्षको पटाक्षेप सितिमिति तरिकाले नहुने देखिएको छ। विशेषत: पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली र अर्का पूर्व प्रधानमन्त्री समेत रहिसकेका कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डबीचको रस्साकस्सीले नेकपालाई प्रस्ट रुपमा कित्ताकाट गरिसकेको छ। एक अर्काप्रति असन्तुष्टि देखाउँदै गुट उपगुटको भेला गर्दै आएका नेताहरू ओली समूह र दाहाल समूहका रुपमा विभाजित भइसकेका छन्। मंगलबार बोलाइएको स्थायी कमिटी बैठक अध्यक्ष ओलीले एकलौटी रुपमा स्थगित गरिदिएपछि ओली र दाहालबीचको दूरी झनै बढेको छ।

बालुवाटारमै दाहालले स्थायी कमिटी बैठक सञ्चालन गरे पनि ओली समूहले त्यसलाई अवैधानिक भन्दै गुटको भेलाको संज्ञा दिएको छ। दाहाल-नेपाल समूह भने विधि पद्धति र प्रक्रियाको विषयलाई उछाल्दै ओली गुट अराजक



भएको निष्कर्षमा पुगेको छ।

सचिवालय बैठक र स्थायी कमिटीबाट विवादको गुत्थी नसुल्झिएपछि नेकपाभित्र केन्द्रीय कमिटी बैठकको माग गरिएको छ। नेकपाका १ सय ५२ जना सदस्यले केन्द्रीय कमिटी बैठक माग गर्दै पार्टी कार्यालय धुम्बाराहीमा पत्र बुझाएका छन्। पार्टीको अन्तरिम विधानको धारा ५९ (क) मा एक चौथाइ केन्द्रीय सदस्यले औपचारिक रुपमा माग गरेमा ३० दिनभित्र बैठक आयोजना गर्नुपर्ने प्रावधान छ। हाल नेकपाका ४ सय ४४ जना केन्द्रीय सदस्य छन्। एक चौथाइका लागि बाँकी ८ पेजमा

## थापालाई सहमहामन्त्री, कांग्रेसमा असन्तुष्टि

काठमाडौं। कांग्रेसबाट राजनीति सुरु गरेर निरंकुश एकदलीय पञ्चायती व्यवस्थाका बडे नेता (महापञ्च) बनेका सूर्यबहादुर थापा जीवनको उत्तरार्द्धमा गणतन्त्रवादी बनेका थिए। शाखा अधिकृतको लोकसेवाको लिखित परीक्षामा तीन पटक फेल भएका थापालाई राजाले प्रधानमन्त्री बनाइदिएका थिए। कम्युनिस्टहरूलाई समाप्त पार्न उनले चलाएको नरसंहारको कहालिलाग्दो दृश्य अहिले पनि खोकु छिन्ताङबासीको मानसपटलमा ताजै हुनुपर्छ। तर तिनै थापाको देहावसान हुँदा बाबुराम भट्टराईहरूले अभिभावक गुमाएको दुखेसो पोखेका थिए। थापाले नै तत्कालीन कांग्रेस सभापति बीपी कोइरालालाई फाँसीको सजाय माग गर्दै धनकुटा जिल्ला पञ्चायतबाट प्रस्ताव पारित गराएका थिए। यदि अदालतले न्याय नदिएको भए बाँकी ८ पेजमा

## प्राचीन समयमा पनि थियो कोरोना

■ उद्धवप्रसाद गौतम

कोभिड-१९ कोरोना भाइरस प्रकृतिका रोगहरू प्राचीन युगहरूमा पनि उत्पन्न र विकास भएको देखिन्छ। यस प्रकारका रोगहरू धनसम्पत्ति र यौनउन्मादी भोगविलासी युवायुवती महिला पुरुषमा विकास गरी संक्रमण गर्ने प्राचीन तान्त्रिक जैविक र रसायन विधि र नियमहरू आधुनिक चिकित्साशास्त्रीले पहिचान गर्न सकेको देखिँदैन। भारतीय उपमहाद्विपमा समेत यस प्रकारका घातक भाइरसहरू विकास र संक्रमण गरेका इतिहासहरू अझै गोप्य छन्। यसैले अहिलेको कोरोना भाइरस घातक रोगको उत्पन्न र विकास गरेको रहस्य र कारणहरू अझै खोजी र पहिचानका प्रयासहरू भएको देखिँदैन।

भारत वर्षका यौन उन्मादी भोगविलासी महाराज चन्द्रकान्तले आफू र आफ्ना मानिसहरूमा घातक भाइरसहरू उत्पन्न गरी छिमेकी राजारजौटाको बाँकी ८ पेजमा

## रेडक्रसको भ्रष्ट गिरोह नउम्कियोस्

काठमाडौं। भ्रष्टाचारको आहालमा चुर्लुम्म डुबेको नेपाल रेडक्रस सोसाइटीयमा सरकारले हस्तक्षेप गरी कार्यसमिति भंग गरेर ३३ सदस्यीय नयाँ तदर्थ समिति गठन गरेको छ। मानवीय सहयोग, उद्धार, आपतविपतमा परेका नागरिक, युद्धको चपेटामा परेका नागरिकलाई सहयोग गरेर रेडक्रसले विश्वव्यापी रुपमा अब्बल सामाजिक संस्थाको छवि बनाएको थियो। रेडक्रस जस्तो पवित्र संस्थामा हाम्रो मुलुकमा भने हुँडारजस्ता पदाधिकारी हावी भए। विदेशदेखि आएको अर्बौं सहयोग त यिनीहरूले बेहिसाब रुपमा हजम गरे भने देशभित्र उठेको सदस्यता, विशिष्ट सदस्यता, आजीवन सदस्यताको करोडौं शुल्क पनि पचाएका छन्। रेडक्रसभित्रको अनियमिततावारे धेरै अगाडिबाट सञ्चारमाध्यमहरूले सरकारको ध्यानाकर्षण गराउँदा पनि सरकार कानमा तेल हालेर बस्यो। सरकारभित्र पनि भ्रष्टहरूकै जमातको राईदाई चलिरहेको बेला रेडक्रसतर्फ हेर्ने फुर्सद सरकारलाई भएन।

अहिले ढिलै भए पनि सरकारको आँखा उघ्रिएको छ। रेडक्रसको कार्यसमिति भंग गरी तदर्थ समिति गठन गरिएको छ। तदर्थ समिति गठन गर्दा भने सरकारले भागवन्डाकै नीति अवलम्बन गरेको छ। योग्य र सक्षम मानिसभन्दा पनि सत्ता र प्रतिपक्षीको वरिपरि घुम्नेहरू नै तदर्थ समितिमा छानिएका छन्। ३३ सदस्यीय तदर्थ समितिमा १९ नेकपा समर्थित र १४ जना कांग्रेस समर्थित रहेका छन्। डा.नेत्रप्रसाद तिम्सिनाको अध्यक्षतामा गठन बाँकी ८ पेजमा

## इन्डियन इन्डिपेन्डेन्स एक्ट र नेपाली भूमि

समय-सन्दर्भ

■ तेजेन्द्र प्रसाईं

सन् १९४७ अगस्ट ५ मा इन्डियाभित्र भारत र पाकिस्तान गरी दुई स्वतन्त्र मुलुक स्थापित हुनेछन् भनेर १८ जुलाई १९४७ मा ब्रिटिस सरकारले इन्डियन इन्डिपेन्डेन्स एक्ट लागू गर्‍यो जुन १९४७ अगस्ट १५ देखि लागू भयो।

सन् १९४७ मा भारत स्वतन्त्र हुँदा सन् १८१६ मा नेपाल र इस्ट इन्डिया कम्पनी सरकारबीच भएको सुगौली सन्धिअनुसार नेपालले ब्रिटिस भारतलाई सुम्पिएको भूभागको सम्प्रभुताका बारेमा कुनै ठोस निष्कर्ष निकालिएको प्रमाण आजसम्म पाइएको छैन। सैनिक कारबाहीद्वारा सर्वप्रथम बंगालमा प्रवेश गरेको इस्ट इन्डिया कम्पनी भारत छोड्दा बंगाललाई पनि औपनिवेशिकताबाट मुक्त गरेको देखिन्छ। तर सैनिक कारबाहीद्वारा ब्रिटिस भारतमा गाभिएको दार्जिलिङ, सिक्किम र कुमाउ गढवाल लगायतका भूभाग नेपाललाई फिर्ता गर्नुपर्नेमा ती अझै अनिर्णित अवस्थामा भारतको अधिनमा रहेका छन्। ब्रिटिस भारतले उक्त भूभाग आफ्नो अधिनमा लिँदा र भारतमा ब्रिटेन आधिपत्य समाप्त हुँदाका दुवै समय नेपाल नाम गरेको देश स्वतन्त्रतापूर्वक रहिरहेको स्थितिमा ती भूभाग नेपाललाई फिर्ता गर्नुपर्ने विषय अन्तर्राष्ट्रिय कानुनअनुसार गैरकानुनी मान्न सकिँदैन।

सन्१९४७को इन्डियन इन्डिपेन्डेन्स एक्टमा भारत र पाकिस्तानको विभाजन र तिनको अन्तर्राष्ट्रिय सिमांकन गरिएको छ। यसरी सिमांकन हुँदा नेपालको पूर्वोक्त सबै भूभाग भारत बाहिर राखी नेपाललाई फर्काइनु पर्नेमा सुगौली सन्धिमा गुमेको भूभाग भारतभित्रै गाभियो। त्यो भूभाग नेपाली पुर्खाको आर्जन हो भन्ने थाहा पाउँदा पाउँदै हिजो त्यो भूभाग ब्रिटिस इन्डियाभित्र थियो भने आज स्वतन्त्र भारतभित्र परेको छ।

सन् १९४७ मा स्थापित दुई राष्ट्र भारत र पाकिस्तानमध्ये पाकिस्तानको पूर्वी पाकिस्तान (हालको बंगलादेश) खण्ड र नेपालको सीमाबीच ज्यादै छोटो दूरी छ। त्यो बीचको भूभागमा पहिले नेपालको सार्वभौमसत्ता कायम थियो। पछि त्यो भूभाग लगायत पश्चिमका कुमाउ र गढवाल इस्ट इन्डिया कम्पनीको उपनिवेशका रुपमा ब्रिटिस भारतभित्र समाविष्ट भएका थिए। भारत र पाकिस्तान विभाजन हुँदा ती भूभागको विभाजन हुनु असम्भव छ र विभाजित भए पनि त्यो गैरकानुनी विषय हो। भारतीय स्वतन्त्रता विधेयक १९४७ मा यसबारे उल्लेख भएको बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# न्यायको तराजुमा अन्यायको पल्ला भारी

मलेसियाका पूर्वप्रधानमन्त्री नजिब रजाकलाई भ्रष्टाचार मुद्दामा दोषी ठहर गर्दै १२ वर्ष जेल सजाय तोकेको छ । वन एमडीबी परियोजनामा लाखौं डलर भ्रष्टाचार आरोप विरूद्ध परेको मुद्दामा रजाकलाई अदालतले दोषी ठहर गरेको हो । नजिबमाथि लागेको भ्रष्टाचार प्रकरणको मुद्दालाई मलेसियाको कानुनी शासन स्थापना र भ्रष्टाचार नियन्त्रण प्रयासको परीक्षाको रूपमा मानिएको थियो । क्वालालम्पुर उच्च अदालतको यो फैसलाले मलेसियामा जुनसुकै तहको भ्रष्टाचारी भए पनि कानुनको आँखाबाट उम्कन नसक्ने स्पष्ट भएको छ ।

यता हाम्रो मुलुकको परिवेश फरक छ । सर्वोच्च अदालतका प्रधान न्यायाधीशको इजलासले गरेको फैसलामाथि गम्भीर प्रश्न उठिरहेको छ । पत्नी हत्यारा पुष्टि भएका पूर्वडीआईजी रञ्जन कोइरालालाई उन्मुक्ति दिने फैसला मात्र नियाल्ने हो भने न्यायको तराजुमा अन्यायको पल्ला भारी भएको स्पष्ट देखिन्छ ।

हाम्रो देशमा अख्तियारदेखि न्यायालयसम्म सेटिङमा नियुक्ति गरेका अयोग्य पात्रहरूले भरिभराउ भएका छन् । अख्तियारका आयुक्त आफैं करोडौं घूस खान्छन् । अदालतमा सेटिङमा मुद्दा छिनिन्छन् । अनि भ्रष्टाचारीहरूका मुद्दाका फाइल अदालतमै मुसालाई कटाएर धमिला लगाएर राखिन्छन् । नजिब रजाक तहका भ्रष्टाचारीसँग त अदालतका न्यायाधीशहरू नै थरथरी काँप्छन् । नकामुन पनि कसरी ? पार्टीका झोलेहरू सोझै सर्वोच्च अदालतको कुर्सीमा विराजमान हुन पुगेपछि ठूला नेताहरूसँग तर्सिने नै भए ।

हाम्रा नेताहरूले सत्तामा बसेर गरेका श्रृंखलाबद्ध भ्रष्टाचारका काण्डहरू मलेसियाका पूर्वप्रधानमन्त्रीका भन्दा ठूला छन् । अख्तियार खरिदार, सुब्बा समात्नै व्यस्त देखिन्छ भने अदालत अपराधी उम्काउने ढोका खोज्ने काममा मात्र तल्लीन देखिन्छ । त्यसैले यहाँ कानुनी राज्यको खिल्ली उडाइएको छ । दिनदहाडै राज्यकोषको अर्बौं भ्रष्टाचार गरिएको छ । यस देशको न्याय प्रशासन निडर, निष्पक्ष हुन्थ्यो भने त्यसैगरी अख्तियार सशक्त हुन्थ्यो भने बालुवाटार काण्ड, वाइडबडी काण्ड, औषधि खरिद काण्ड, मेलम्ची खानेपानी काण्ड लगायतका भ्रष्टाचारीहरू जेलमा पुगिसक्ने थिए ।

गरिब देशका धनी नेताहरूको जीवनशैली र सम्पत्तिको स्रोतबारे छानबिन गर्ने तागत परालको खुट्टा टेकेर उभिएको अख्तियारसँग छैन । त्यसैगरी नेताहरूको दलाली र चाकरीबाट न्यायाधीश बन्नेहरूसँग पनि त्यो नैतिकता र साहस छैन जसले निष्पक्ष न्याय दिएर ठूला अपराधीलाई कानुनी कठघरामा उभ्याउन सकुन् ।

हाम्रो न्याय प्रशासनप्रति जनविश्वास गुम्दै गइरहेको छ । न्यायालयप्रति जनविश्वास गुम्नु भनेको राज्य नै कमजोर भएर जानु हो । पैसा र पावरमा न्याय किनबेच हुनु दुःखलाग्दो कुरा हो । मुलुकको न्यायालय भनेको जनताको आस्थाको केन्द्र हो । निरंकुश पञ्चायती व्यवस्थाको समयमा समेत न्यायालय निष्पक्ष रहेको अनुभूति जनताले गरेका थिए । अहिले विस्तारै न्यायलयको शाख गिर्दै गइरहेको छ । न्यायालयको गरिमा बचाउने जिम्मेवारी न्याय मूर्तिहरूकै हो । छिटा, छरितो र निष्पक्ष न्याय सम्पादन गरेर जनताको विश्वास जोगाएर राख्नु वर्तमानको आवश्यकता बनेको छ । नजिब रजाक विरूद्धको फैसलाबाट पनि पाठ सिक्न आवश्यक छ । चेतना भया ।

## दृष्टिकोण

# यिनीहरू ग्राम्सीवादी पतित वामपन्थी हुन्



**सुरेन्द्र ढकाल**

*सिद्धान्तमा लेनिनवादी तर व्यवहारमा राजतन्त्रात्मक ग्राम्सीवादमा एमाले स्खलन भएकै कारण आफूलाई खाटी कम्युनिस्ट भन्नेहरूले कालान्तरमा माओवादीको नामबाट जनयुद्ध सुरू गरेका थिए । १७००० नेपालीको ज्यान र खर्बौंको भौतिक संरचना नष्ट गरी गरेको सम्झौतापश्चात् संविधानसभाको चुनावमा एमाले भनिने नव ग्राम्सीवादहरूलाई हराइ माओवादी ठूलो दल त बन्यो तर संसदीय भाषमा गएर जाकियो । उनै एमाले भनिने ग्राम्सीवादीहरूसँग पार्टी एकता गरी अहिले माओवाद २१ औं शताब्दीको जनवाद भन्न थालेको छ ।*











मार्क्सले दास क्यापिटल र कम्युनिस्ट मेनीफेस्टो लेखुञ्जेल वामपन्थवाद सिद्धान्तमा मात्रै सीमित थियो । यसलाई व्यवहारमा उतार्ने क्रममा दुई धार देखा पऱ्यो । यी दुवै युरोपका सुधारवादी थिए । एक पूर्वयुरोपेली वामपन्थवाद जुन पछि लेनिनवादको रुपमा विकसित भई प्रयोगमा आयो । रुसको राजा जारको संसद डुमालाई प्रयोग गरी लेनिनवादले राज्य शक्ति समेत लिन सफल भयो । पछि पूरै पूर्वी युरोपेली देशहरूमा यो सुधारवादी मोडेलको वामपन्थवाद हावी भई पूरै पूर्वी युरोपेली देशहरूमा एकदलीय समाजवादी जनगणतन्त्रको स्थापना हुन गयो ।

अर्कोतर्फ पश्चिम युरोपेली वामपन्थवाद इटलीका वामपन्थी नेता आन्तोनियो ग्राम्सीका बहुलवादी जनवादको सिद्धान्तमा आधारित भई पश्चिम युरोपेली देशभरि फैलन पुग्यो । पश्चिम युरोपको सबैभन्दा ठूलो वामपन्थी दल इटलीको पार्तितो कम्युनिस्ता इतालियानो बन्न पुगे तापनि सरकार बनाउन भने यो दलले कहिले पनि सकेन, सधैं विपक्षीमा नै रह्यो । अर्कोतर्फ फ्रान्स, स्पेन र पोर्चुगलमा पनि यस्तै वामपन्थी दल बने तापनि उनीहरूकहिले पनि संसदीय चुनाव जितेर सरकारमा आउन सकेनन् ।

मार्क्सवादलाई क्रान्तिकारी आन्दोलनद्वारा स्थापित गरी आफ्नै जनसेनाको भरमा एकदलीय जनगणतन्त्र स्थापना गर्ने सफलता भने चीनमा माओ, कोरियामा किम, क्युवामा क्यास्त्रो र भियतनाममा होची मिन्हलाई मात्रै प्राप्त भयो । आफ्नो देशको आवश्यकता अनुरुप मार्क्सवादलाई प्रयोग गर्ने नाममा माथि भनिएका कुनै देशमा सुधारवादी कदम पनि चालिए भने अरु कुनै देशमा सुधारलाई आत्मसात गरिएन । उदाहरणको लागि चीनमा भएको देंगको सुधारवाद र उत्तरकोरियामा निरन्तरता पाइरहेको जुछे विचारमा आधारित क्रान्तिकालीन यथास्थितीवादलाई लिन सकिन्छ ।

नेपालमा पुष्पलालको नेतृत्वमा कम्युनिस्ट पार्टी बन्दा यस्मा लेनिनवाद, माओवाद वा जुछेवाद कुनैको बिल्ला लगाइएको थिएन । यद्यपि नेपालमा शाही सामन्तवादको अन्त्य गर्न संयुक्त राष्ट्रिय जनआन्दोलन आवश्यक छ भनेर पुष्पलालले भन्दै आएका थिए । उनको जनआन्दोलनको मोडेल माओवाद वा जुछेवाद जस्तो सशस्त्र आन्दोलनको मोडेल नभएको हुँदा सशस्त्र क्रान्तिविना नेपालमा जनगणतन्त्र स्थापना हुन सक्तैन भन्ने नेपालका पछि पछि स्थापना हुँदै आएका वामपन्थी मोहनविक्रम, निर्मल लामा र माले प्रवृत्तिहरूले पुष्पलाललाई सुधारवादी गद्दार भन्दै गए । पुष्पलालले संयुक्त जनआन्दोलन देख्न नपाइ मृत्युवरण गरे ।

पंचायत व्यवस्था विरोधी आन्दोलन चर्किंदै जाँदा २०३६ को पंचायत राख्ने वा नराख्ने भनी घोषणा गरिएको जनमत संग्रहमा आफूलाई खाटी मार्क्सवादी भन्ने पुष्पलाल पक्षीय मनमोहन अधिकारीको दलबाहेक अरु वामपन्थी दलहरूले संयुक्त राष्ट्रिय मोर्चा बनाई पंचायतको विपक्षमा उभिन नसक्दा जनमत संग्रहमा पंचायतले बाजी माऱ्यो । त्यसो हुनुमा नेपाली कांग्रेसका नेता बीपी पनि उत्तिकै जिम्मेवार थिए । उनी कट्टर वामपन्थी विरोधी भएको र राजा र आफ्नो घाँटी जोडिएको भन्दै फलाक्दै हिँड्थे । त्यसैले गर्दा पनि पुष्पलालको संयुक्त राष्ट्रिय जनआन्दोलनले मूर्त रुप लिन सकेन र पंचायती व्यवस्थाले सुधारिएको पंचायतको नाममा आफ्नो आयु १० वर्ष लम्ब्यायो ।


त्यसैबीच बीपीको निधन भई नेपाली कांग्रेसको नेतृत्व गणेशमानको हातमा आयो । पुष्पलालले प्रतिपादन गरेको सुधारवादी संयुक्त राष्ट्रिय आन्दोलनको मोडेलमा नेपाली कांग्रेस र आफूलाई मार्क्सवादी अनि लेनिनवादी भन्नेहरूले पनि वाममोर्चा गठन गरी पंचायत विरोधी आन्दोलनलाई सशक्त बनाएको र त्यो आन्दोलनलाई भारतले समेत आर्थिक नाकाबन्दी लगाई सहयोग पुऱ्याएको अवस्थामा संयुक्त राष्ट्रिय आन्दोलनले सफलता प्राप्त गरी देश बहुदलीय व्यवस्थामा प्रवेश गऱ्यो । २०४६ सालको राजनीतिक परिवर्तनले जनगणतन्त्र स्थापना नगरेको र संवैधानिक राजतन्त्रको युगमा देश प्रवेश गरेको अवस्थामा यसलाई लेनिनवादी मोडेलको परिवर्तन भन्न मिल्ने कुरै थिएन । यो न्यूनतम इटालियन ग्राम्सीवाद पनि थिएन किनकी ग्राम्सीवादले संवैधानिक राजतन्त्र मानेको प्रमाण पाइँदैन ।

यसै क्रममा तत्कालिन माक्सवादी र माले मिलेर एमाले नामक नयाँ राजनीतिक दल बनाए । यसको महाअधिवेशनमा तीन धार देखियो । मदन भण्डारीको बहुदलीय जनवाद, सीपी मैनालीको नौलो जनवाद र मोहन चन्द्रको क्रान्तिकारी नौलो जनवाद । जसले क्रमशः ग्राम्सीवाद, लेनिनवाद माओ विचारधारा र माओवादलाई प्रतिनिधित्व गर्दथ्यो । महाअधिवेशनले मदन भण्डारीको बहुदलीय जनवादलाई बहुमतले स्वीकार गरेपछि यो राजतन्त्रसहितको नौलो ग्राम्सीवाद बन्न पुग्यो । साथै नयाँ संविधानअनुरुप भएको संसदीय चुनावमा मदन भण्डारीले तत्कालिन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई हराएपछि अमेरिकाको न्युजविक पत्रिकाले मार्क्स नेपालमा जीवित छन् भन्दै भण्डारीको अन्तर्वार्ता छापेपछि जनताको बहुदलीय जनवाद भनिएको नौलो ग्राम्सीवादले अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरिसक्दा पनि उनीहरूले आफूलाई लेनिनवादी भन्न छोडेनन् जबकी उनीहरू राजतन्त्रात्मक ग्राम्सीवादमा परिणत भइसकेका थिए ।

सिद्धान्तमा लेनिनवादी तर व्यवहारमा राजतन्त्रात्मक ग्राम्सीवादमा एमाले स्खलन भएकै कारण आफूलाई खाटी कम्युनिस्ट भन्नेहरूले कालान्तरमा माओवादीको नामबाट जनयुद्ध शुरु गरी, १७००० नेपालीको ज्यान र खर्बौंको भौतिक संरचना नष्ट गरी गरेको सम्झौतापश्चात् भएको संविधानसभाको चुनावमा एमाले भनिने नव ग्राम्सीवादहरूलाई हराइ ठूलो दल त बने तर संसदीय भाषमा गएर जाकिएको कारण उनै एमाले भनिने ग्राम्सीवादीहरूसँग पार्टी एकता गरी अहिले २१ औं शताब्दीको जनवाद भन्न थालेका छन् उनीहरू ।

डबल नेकपाले भनेको यो २१ औं शताब्दीको यो जनवाद चाहीँ सायद अब शतप्रतिशत ग्राम्सीवादतिर जान थालेको आभाष हुन्छ किनकी राजतन्त्र देशबाट हराइसकेको परिप्रेक्ष्यमा संसदमा झण्डै दुईतिहाइको बहुमत हुँदाहुँदै पनि लेनिनले वोलसेभिक क्रान्तिद्वारा डुमालाई विघटन गरी एकदलीय सोभियत समाजवादी गणतन्त्र स्थापना गरेजस्तै नेपालमा पनि आफूलाई लेनिनवादी भन्नेहरूले जनगणतन्त्र स्थापना गर्नेतर्फ लागी पर्नुपर्ने हो । तर ठीक यसको विपरीत यिनीहरू संसदीय भाषमै रमाइरहेको अवस्थालाई हेर्दा यिनीहरूलाई लेनिनवादी भन्न मिल्दैन । यिनीहरूलाई विचारधाराको आधारमा ग्राम्सीवाद र व्यवहारको आधारमा भ्रष्टवादी बलात्कारी कमाउनिष्ट पतित वामपन्थी भन्नुपर्ने हुन्छ ।

# जय जय नेपाल



**जगदीश लामिछाने**
रौतहट, पौराई

वेदान्त दर्शनले आत्मालाई स्वदेश र शरीरलाई परदेश अर्थात् अस्थिर मान्दछ । हुन पनि हो स्वदेश हेर्दा जीवन पाइन्छ परदेशको अवस्थिति क्षणिक नै हो । यसैले त स्वदेश सुख हो परदेश दुःख हो । हाम्रो निष्क्रिय यावत भौतिक सुख सुविधा परदेश नै हो दुःख नै हो । मनमनै पिरोलिएर परदेशमा सुख हुने भए प्यालेस्टिनीहरूले अहिले धेरै ढिलै भए पनि आफ्नो भूमिमा गर्व गर्ने थिएनन् । त्यस्तै परदेशमा क्षणिक आनन्द मान्दा मायो सभ्यताका राता अमेरिकीहरू अहिले अमेरिकी मुलुकमै पछि पर्ने थिएनन् । परदेश मृत्यु हो । यसले अधमरो बनाउँदा बनाउँदै मार्दछ । स्वदेश आनन्द हो यसको अमृत कुण्डको अमृतले मृत्युलोकबाट पनि जीवित तुल्याउँछ ।


विद्या आनन्द हो र जीवन पनि हो । अविद्या दुःख हो र मृत्यु पनि मान्न सकिन्छ । विद्यामै ज्ञानका उज्याला कणहरू हुन्छन् । विद्याले कालो र रातो धन छुँदैन । सेतै राम्रो मेहनती कमाइको धनको मात्र लालसा राख्छ । अविद्याले न्याय बिग्रने हो, शिक्षा पिरोलिने हो र प्रशासनमा दुशासनको ताण्डव नृत्य चल्ने हो । यस्तो अविद्यारुपी दुःख हाम्रो जीवनको बाधक हो । स्वदेश अर्थात् नेपाल आमाका कष्टका कारक बांगाटिंगा भालारुपी बाछिटाहरू परदेश अर्थात् नेपाल आमाका कुभलो चिताउनेका हृदयमा पुऱ्याउनु र कानमा सुनाई रिसराग बढाइदिनु पनि अविद्या हो । कामचोर, न्यायचोर, शिक्षाचोर आदि दुष्ट्याइँका राता, पहेंला र काला दागहरू हुन् । यिनीहरूलाई अविद्या मानेर हाम्रो यात्रा नेपाल आमाको कल्याण मार्गमा अग्रसर गराउनु विद्या मार्गमा उन्नतिशील हुनु नै आजको कर्तव्य हो ।

भ्रम भए आत्मालाई सोध । मोह भए जीवनलाई सोध, अज्ञानै भए नेपाल आमालाई सोध । अनि कठोर भए नेपालका पहरा पहरामा फुलेका सुनाखरी, सुनगाभाका १४ मात्र हैन २८ प्रजातिहरूका माझमा गुराँसका रंग रंगहरूसँग सोध । यति मात्र हैन यिनीहरूका बीचमा हाँस्दै खेल्दै डुल्ने डाँफे, मजुर तथा मुनालहरूलाई सोध । गरिब तथा इमानदार मेहनती प्रत्येक नेपालीलाई सोध । संसार चक्रमै घुम्न आउनुपर्ने भए जन्म जन्मान्तरसम्म नेपाली भएर बस्न पाउनुपर्छ, उत्साहका क्षणहरू यही माटोमा अर्पण गरेर बाँच्न पाउनुपर्छ ।

काँचको ऐनापारिको संसार भ्रम हो । भोलि त्यही काँचपारि बस्न पाइँदैन समस्त वेदका र शास्त्रहरूका श्रष्टा हिमवतखण्ड नेपालमै त पार्वती परमेश्वर एकात्मक भएर विराजमान हुनुहुन्छ । दिव्य छटाले युक्त अर्धनारीश्वर बस्नुभएको यो हिमवत खण्ड नेपालको ज्ञानभूमिलाई बिर्सेर अन्त जान नखोज्ने ती लाखौं हैन करोडौं आत्मालाई नमस्कार गरौं जसले देवभूमिको रुपमा र वीर भूमिको रुपमा सदा दाहिना नेपाल आमाको काख पायो र परमहंश महेश्वर पायो, त्यही अमर भूमि नेपाल आमालाई फेरि एकपटक प्रणाम गरौं ।

जय जय नेपाल ।

# नेपालमा भारतीय विस्तारवाद र त्यसका दिर्घकालिन समस्याहरू-५



**सुदर्शन प्रधान**

यो राणा प्रवृत्ति किन यसरी मौलायो होला ? सम्भवत्, नेपालको ईतिहासमा अनेकौं नीति, नियम र कानुनको माध्यमले एक लाख भन्दा धेरै जनताको हत्या गरेका कुर, लुटेरा, भोका राणाहरूले निर्माण गरेका सिंहदरवार र अरु महत्वपूर्ण दरवारहरूमा राष्ट्र प्रमुखहरू र निति निर्माताहरू बस्ने भएर पनि हो की ! त्यसैले पनि 'राजधानी सार्नु पर्छ' भनेको ।

कुनै पनि राष्ट्रको कर्मचारीतन्त्र, सेना, प्रहरी, न्यायलय भनेको मेरुदण्ड झै हुन् । उनिहरूको जनपक्षीय र देशभक्ति विचारधारा अनि ईमान्दारिता र सक्रियता विना क्यै हुदैनन् । त्यसको लागी राज्य चलाउने राजनैतिक पार्टीहरू पहिला त्यो कसीमा जँचिनु पर्छ र त्यसमा दृढ हुनपर्छ । तव उनिहरूमा त्यो उच्च नैतिकशक्ति हुन्छ र परिवर्तन गर्न सकिन्छ । परिवर्तनको कदम चाल्दा नीहित स्वार्थको लागी सेना, प्रहरी, कर्मचारी, न्यायलयले अवज्ञा र विद्रोह गरे आम जनताको जनआन्दोलनको लाठोले तह लगाउन सकिन्छ । कुटनैतिक पारखी र दाउपेचमा पोख्तताले सत्ताको भऱ्याङ उक्लन त सजिलो पर्ला तर त्यसले देश र जनताको आर्थिक र भौतिक परिवर्तन ल्याउन सक्दैन ।

यहाँ मूल विषय नेपाली राष्ट्रियतावारे छ । विगत १२ वर्षमा ९ पटक फेरिएका प्रधानमन्त्रीहरूमा नेपाली राष्ट्रियतालाई सवैभन्दा आघात तुल्याउन दुस्प्रयास गर्ने तत्कालिन ने.क.पा.(माओवादी)का प्रधानमन्त्री बाबुराम भट्टराई हुन् । उनले नेपालको काठमाडौं, पोखरा, विराटनगर, भरतपुर, भैरहवा, नेपालगन्ज र महेन्द्रनगरमा हवाई सुरक्षाको नाममा भारती शसस्त्र सेना तैनाथ गर्ने प्रस्तावना क्याविनेटमा पेश गरे । तर उहि पार्टीका मोहनवैद्य पक्षधर कार्यकर्ताहरूका शसक्त विरोध र दवावको कारणले उनि पछाडि हटे । (क्रमशः)

# मैले देखेको १३६ औं विश्व सम्पदा
# भियनाको बेलभेदेरे दरबार र बगैंचा

सुरेन्द्र ढकाल


बेलभेदेरको माथिल्लो दरबारको अगाडिको भाग यस्तो रहेछ


बेलभेदेरको तल्लो दरबार अगाडिबाट हेर्दा


दरबार परिसरमा रहेको फोहोरा र झर्ना


दरबारको दलिनमा गरिएको फ्रेस्को कलाकृति


दरबारको फलामले बनेको मुख्य प्रवेशद्वार


दरबारमा रहेको आर्ट ग्यालरी (म्युजियम)


माथिबाट हेर्दा माथिल्लो दरबारको अगाडिको भाग र पछाडिको पोखरी


तल्लो दरबारको भित्री भाग


तल्लो दरबारको सुन्तला बगैंचा

सान स्टेफान क्याथेड्रल अवलोकन गरिसक्दा दिनको १२:३० भएको थियो। अझै आफूसँग ५ घण्टाजति फुर्सदको समय भएको हुँदा भियनामा रहेको विश्व विख्यात बेलभेदेरे दरबार, आर्ट ग्यालेरी (म्युजियम) र बगैंचा हेर्ने विचार गरी क्याथेड्रलबाटै भूमिगत शहरी रेल (मेट्रो) चढी करिब २५ मिनेटमा बेलभेदेरे दरबार पुगैं। परिसरमा माथिल्लो र तल्लो गरी दुई ऐतिहासिक दरबारहरू रहेछन्।

माथिल्लो दरबार आर्ट ग्यालेरीको लागि र तल्लो दरबार सुन्तला बगैंचा (ओरान्जरी) को लागि विश्वविख्यात रहेछ। भियना शहरको पूर्वी कुनामा रहेका यी दरबारहरू बारोक शैलीमा बनेका रहेछन्। झरना र फोहोराहरूले सिंगारिएको दरबारमा बारोक शैलीका मूर्तिहरू र फलामले बनेको विशाल कलात्मक प्रवेशद्वार रहेछ। अष्ट्रिया हाब्सवुर्ग वंशका सम्राट युजेन अफ साभोयले अट्टोमन साम्राज्यसँगको युद्धमा विजय हासिल गरेको सम्झनामा सम्राटको ग्रिष्मकालिन निवाशको रुपमा यी दरबारहरू बनाइएका रहेछन्।

फ्रान्सको भर्साइको दरबारभन्दा पनि सुन्दर र विशाल होस् भनेर यी दरबार र बगैंचा बनाइएका रहेछन्। मुख्य वास्तुकार लुकास फोन हिल्डब्राण्टको डिजाइनमा शुरु भएको यी दरबारहरूको निर्माण सन् १७०२ मा सम्पन्न भएको रहेछ। पछि १७०८ र १७१६ मा राजकुमार युजेनले दरबारसँग जोडिएका जग्गाहरू किनी त्यहाँ विभिन्न चरणमा बगैंचा विस्तार गर्न लगाएका रहेछन् जुन १७१८ मा सम्पन्न भएको रहेछ। त्यही अवधिमा मुख्य सिंगमरमरले बनेको हलमा पेन्टिङ गर्ने कार्य भएको रहेछ। जसका लागि विख्यात इटालियन कलाकार फ्रान्चेस्को सोलिमेना र गायतानो फेन्तीलाई जिम्मा दिइएको रहेछ। मुख्य हलको दलिनमा यिनीहरूद्वारा गरिएको फ्रेस्को पेन्टिङको कारण पनि माथिल्लो दरबार विश्वविख्यात हुन पुगेको रहेछ।

सन् १७२१ मा शुरु गरिएको पेन्टिङ कार्य सम्पन्न गर्न दुई वर्ष लागेको रहेछ। राजघरानाहरूले आफ्नो निवाशको रुपमा प्रयोग गरेर छोडने अनि कहिले लिलाम बिक्री गर्न खोज्ने गरिरहेको यी दरबारहरूमध्ये तल्लो दरबारमा पछि गएर महारानी मारिया तेरेसाको पालामा हाब्सवुर्ग वंशको ग्यालेरी स्थापना गरिएको रहेछ। पछि मारिया तेरेसाका छोरा सम्राट जोशेफ द्वितीयले यो आर्ट ग्यालेरीलाई तल्लो दरबारबाट माथिल्लो दरबारमा सारेका रहेछन् र यही ग्यालेरी नै सन् १८९१ पछि ललितकलाको विश्वको पहिलो सार्वजनिक संग्रहालय (म्युजियम) बन्न पुगेको रहेछ।


सन् १८९६ मा तत्कालिन सम्राट फ्रान्च्ज जोशेफ प्रथमले माथिल्लो दरबार तब उप्रान्त सम्राटको गद्दीको उत्तराधिकारी (युवराज) को निवास हुने निर्णय गरेपछि यस दरबारको वास्तुशैली र ढाँचामा हल्का परिवर्तन गरिएको रहेछ। त्यस क्रममा आधुनिक ग्यालेरी थप्ने कार्य गरिएको रहेछ जुन १९०३ मा खुला गरिएको रहेछ। त्यसको मुख्य उद्देश्य प्राचीन अष्ट्रियन र आधुनिक कलाकृतिलाई आधुनिक अन्तर्राष्ट्रिय कलाकृतिसँग दाँजेर हेर्न मिलोस् भन्ने रहेछ। यी आधुनिक विश्वविख्यात कलाकृतिहरू विशेष गरी कलाकार क्लाउडे मोनेट, जोभान्नी सेगान्तिनी र भिन्सेन्ट फान गोघ आदिका रहेछन्।

प्रथम विश्वयुद्धपश्चात् हाब्सवुर्ग वंशको पतनसँगै सन् १९१८ मा यस म्युजियमले राज्यको ग्यालेरीको औपचारिक हैसियत पाएपछि तल्लो दरबारको सुन्तला बगैंचा (ओरान्जेरीसँगै) बारोक शैलीको म्युजियम थप गरी सन् १९२९ पश्चात् सार्वजनिक जनताका लागि खुला गरिएको रहेछ।

दोस्रो विश्वयुद्धताका खसालिएको बमको कारण माथिल्लो दरबारको सिंगमरमरको हल र तल्लो दरबारको ग्रोटेस्क्यु हलमा राम्रै क्षति पुग्न गएको रहेछ जसको जिर्णोद्धार गर्ने कार्य सन् १९५३ मा आएर सम्पन्न भएपछि यसलाई अष्ट्रियन मध्यकालिन कला म्युजियमको नाम दिएर पुनः खुला गरिएको रहेछ। यी दुवै दरबार, म्युजियम र बगैंचा अवलोकन गर्दा बेलुकीको ५ बजेको थियो। म होटलको लविको स्टोरमा छोडेको आफ्नो सुटकेश बोकी काठमाडौंतर्फ फर्कने क्रममा भियना विमानस्थलतर्फ लागें भोलिपल्ट बिहान जनवरी १६ तारिखका दिन अष्ट्रियन एअरलायन्सको नियमित उडानबाट काठमाडौं ओर्लिएँ।

## मेरो खबर्दार छ

*छन्द : शार्दुलविक्रिडित*


होमनाथ घिमिरे

बोल्यौ के कसरी जित्यौ जनमतै दिन्छौ निकासा भनि।
बोल्यौ के कसरी छ यो कठिनमा लिन्छौ नि जिम्मै पनि॥
तिम्रा स्वार्थ कतै भुले कि अथवा ऐले नयाँ राज छ।
पार्दैछौ जननी कठै बिपतमा मेरो खबर्दार छ॥

फुक्यौ धेर घुमेर यो सहरमा गर्नेछु सेवा भनि।
बोल्यौ धेर गएर ती बिकटमा भर्नेछु टेवा भनि॥
चौक्टा देश भयो शिकार भवको बाँडेर अन्तै तिर!
हाम्रो राष्ट्र कतै परे सकसमा मेरो खबर्दार छ॥

यो यो गर्छु भनी फुटाइ जनमा सारा तिनैको लुट्यौ।
सारा एक ढिका थियो कपटले पारी चिरामा फुट्यौ।
ऐले खै कसरी भुलाइ सब ती निक्कै नयाँ चाल छ।
हाम्रो देश कतै परे कहरमा मेरो खबर्दार छ॥


हिँड्छौ लाज नभै न भो शरम ती बोल्छौ हजारौं कुरा।
तिम्रा चाल र ढालको लबजले भन्दैछ बेग्लै कुरा॥
त्यै विश्वास गरेर घात मतको लाग्दैछ क्वै यार छ।
हाम्रो देश पुगे कतै भवरमा मेरो खबर्दार छ॥

सत्तामा कति थ्यौ अझै सब तिरै लुट्यौ लुटायौ कति!
आफ्ना पास छ जो उनै नगिचका बाँड्यौ बनायौ कति!
मर्दैछन् जनता न क्वै पहुँचमा तिन्को कुनै आश छ?
हाम्रो राष्ट्र लुटी लिने मनसुवा मेरो खबर्दार छ॥

सारा मानिसले गमेर मनमा बुझ्दैछ बेग्लै कुरा।
गर्दैछौ अपमान ती जनमतै चाखेर अर्कै पुरा॥
हामी चै बधुवा सधैं दल भने नाङ्गो रजाइँ न छ।
दिन्नौ भो अधिकारमा कुटिलता मेरो खबर्दार छ॥

सीमाको छ कुरा बडो गजबले हालेर छारो सब।
संझौता कति ती छ गोप्य जनमा अन्यौल त्रस्तै अब।
यो नेपाल अझै छिया अवनिमा कुन्नि के चाल छ?
मैले दिन्न नगर्नु जाल रचना मेरो खबर्दार छ॥

# ३३. नेपाली कम्युनिस्ट जमातको स्थापना-२




■ शम्भुराम श्रेष्ठ

तेस्रो नेपाल एउटा सानै मुलुक भए तापनि त्यहाँ थुप्रै जाति, जनजातिहरूले आदिमकालदेखि बसोबास गरिआएको र थुप्रै भाषाहरू बोलिने गरेको हुँदा यो एउटा बहुजातीय र बहुभाषीय मुलुक हो ।

नेपालमा हाल विद्यमान माथि उल्लिखित तीन वस्तुगत विशेषताहरूबाटै नेपाली क्रान्तिको आधारभूत स्वरुप र त्यसको कार्यक्रम निर्धारित हुन्छ । अतः नेपाली क्रान्तिको अर्थात् नेपाली कम्युनिस्ट आन्दोलनको न्यूनतम कार्यक्रमको उद्देश्य हुन्छ, राष्ट्रिुप्रै जाति, जनजातिहरूले आदिमकालदेखि बसोबास गरिआएको र थुप्रै भाषाहरू बोलिने गरेको हुँदा यो एउटा बहुजातीय र बहुभाषीय मुलुक हो ।

नेपालमा हाल विद्यमान माथि उल्लिखित तीन वस्तुगत विशेषताहरूबाटै नेपाली क्रान्तिको आधारभूत स्वरुप र त्यसको कार्यक्रम निर्धारित हुन्छ । अतः नेपाली क्रान्तिको अर्थात् नेपाली कम्युनिस्ट आन्दोलनको न्यूनतम कार्यक्रमको उद्देश्य हुन्छ, राष्ट्रिय क्रान्तिद्वारा नेपाललाई भारतीय विस्तारवादको अर्ध औपनिवेशिक पराधीनताबाट मुक्त गरी पूर्ण रुपले स्वाधीन बनाउनु र जनवादी क्रान्तिद्वारा सामन्तवादलाई पूरै खतम गरी सामन्त र जमिनदारहरूको स्वामित्वमा रहेका तमाम जग्गा जमिन बिना मुआब्जा जफत गरी गरिब तथा किसानहरूमा वितरण गर्नुको साथसाथै कुनै एउटा जाति विशेषले र त्यसको भाषाले 'राष्ट्र भाषा (अर्थात् सरकारी कामकाजको भाषा) को रुपमा उपभोग गरिआएका विशेषाधिकारको र अरु बाँकी जाति जनजातिहरू र तिनीहरूका भाषाहरूमाथि भइरहेका सबै खाले अन्याय र उत्पीडनको अन्त्य गरी तिनीहरूलाई समान मर्यादा र समान अधिकार प्रदान गरी समानताको आधारमा नयाँ, स्वस्थ राष्ट्रिय एकता निर्माण गर्नु, संक्षेपमा नयाँ स्वाधीन जनवादी नेपाल निर्माण गर्नु । यसरी नेपालका राष्ट्रिय क्रान्ति र जनवादी क्रान्ति दुई बेग्लाबेग्लै क्रान्ति नभएर अभिन्न रुपले एक अर्कोसँग जोडिएका र एक अर्कोमाथि आश्रित एउटै क्रान्तिका दुई पाटाहरू हुन् ।

यी दुइटै क्रान्तिका निर्णायक शक्ति नेपालको कुल जनसंख्याको अत्यधिक बहुसंख्या बनेको किसान समुदाय भएकाले यसलाई किसान क्रान्ति पनि भन्ने चलन छ र किसान क्रान्ति भएकै कारणले यसको वर्गचरित्र पुँजीवादी भएको हो । अर्धऔपनिवेशिक तथा अर्ध सामन्ती भएको नेपालको राज्य सत्ताको आधार भारतीय विस्तारवाद भएको छ भने यसको साामजिक आधार सामन्तवाद बनेको छ । अतः यी दुइटै शक्तिो आधार र सामाजिक आधार उखेलेर फाल्नु नै नेपाली क्रान्तिको रणनीतिक लक्ष्य हो ।

यहाँनेर नेपालको राष्ट्रिय क्रान्तिबेगर एउटा उल्लेखनीय कुरा के छ भने नेपाली कम्युनिस्ट आन्दोलनले सुरुदेखि नेपाल एउटा अर्धउपनिवेशिक मुलुक भएको तथ्यलाई मान्दै आएको छ तर कुन विदेशी शक्तिको अर्धउपनिवेश हो भन्नेबारे त्यो जहिले पनि अस्पष्ट र मौन रहिआएको छ । कहिल्यै स्पष्ट हुने प्रयास पनि गर्दैन । कुनै पनि मुलुक आफू स्वयं नै अर्धउपनिवेश हुँदैन र बन्दैन । त्यसलाई एक न एक बाह्य शक्तिले अर्धउपनिवेश बनाएको हुन्छ । त्यसैकारणले कुनै पनि मुलुकको राष्ट्रिय जनवादी क्रान्तिको रणनीतिको मुख्य लक्ष्य, तारो अर्थात् प्रमुख शत्रुलाई हेरेर बनाइएको हुन्छ । जब क्रान्तिको मुख्य तारो अर्थात् मुख्य निशाना यही नै हो भनेर किटान भएको हुँदैन, त्यस अवस्थामा क्रान्तिको रणनीति निर्मित हुन सक्दैन भन्ने कुरा स्वतः स्पष्ट छ । यस अवस्थामा नेपाली कम्युनिस्ट आन्दोलन सही ठोस रणनीतिविहीन, बाटोविहीन हुन जानु विल्कुलै स्वाभाविक हो । यसबाट हामी नेपाली कम्युनिस्टहरूले कामरेड लेनिनले क्रान्तिलाई सफलतापूर्वक सम्पन्न गर्नुछ भने, योजनाको रुपमा रणनीति तर्जुमा गर्नुपर्छ भनी दिनुभएको शिक्षालाई विल्कुलै बेवास्ता गरिआएका छौं भन्ने कुरा स्पष्ट हुन्छ ।

योजनाको रुपमा रणनीति र त्यसका कार्यनीतिहरू तर्जुमा गर्दा हामीहरूले संघर्षको सर्वोच्च रुप, निर्णायक रुप अर्थात् सशस्त्र संघर्षबारे सबै दृष्टिकोणले हेरी सोचेर विचारेर निर्णय गर्नुपर्छ किनकि मुलुकको प्रतिक्रियावादी राजसत्ता सशस्त्र बलमा नै टिकिरहेको र टिकिरहने भएकाले हामीले पनि सशस्त्र बलले नै प्रतिक्रियावादी राजसत्तालाई खतम गर्नुपर्छ र सशस्त्र बलले मात्रै खतम गर्न सक्नेछौं । मार्क्सवाद लेनिनवादीको रणनीतिसम्बन्धी मूल मन्त्र नै यही हो । जहाँसम्म हामीले गर्ने सशस्त्र संघर्षको खास अर्थात् ठोस रुप कस्तो हुन्छ र त्यसको विकासक्रम कुन किसिमले अगाडि बढ्छ भन्ने कुराको सवाल छ, त्यस कुराको निर्धारण हामी स्वयं के छौं, कस्ता छौं र हाम्रा बलिया र कमजोर प्वाइन्टहरू के कस्ता छन्, हाम्रो प्रमुख शत्रु के कस्तो छ र त्यसका बलिया र कमजोर प्वाइन्टहरू के कस्ता छन्, क्रान्तिकारी संघर्ष लडिने थलो, अर्थात् हाम्रो मुलुकको भौगोलिक बनौटका विशेषताहरू के कस्ता छन् भन्ने कुराहरूको जानकारीबाट हुन्छ । यो त भयो सशस्त्र संघर्ष गर्ने सवाललाई गम्भीरतापूर्वक लिएर त्यसबारे ठोस निर्णय लिने बेलाको कुरा । तर नेपाली कम्युनिस्ट आन्दोलनले समय समयमा सशस्त्र संघर्षको आवश्यकताबारे बोल्ने लेख्ने गरे तापनि त्यसले कहिल्यै आफूले बोलेको लेखेको कुरालाई व्यवहारमा उतार्ने काम गरेन । चाहे त्यो सशस्त्र संघर्ष गर्नुपर्ने र गर्ना निम्ति जतिसुकै उपयुक्त समय नै किन नहोस् । जस्तो कि २००८ सालदेखि २०१३ सालसम्मको अवधि नेपाल कम्युनिस्ट पार्टीमाथि बिनाकारण र बिना आधार प्रतिबन्ध लगाइएको अवधि थियो । त्यस्तै २०१७ सालदेखि २०४७ सालसम्मको ३० वर्षको अवधि नेपाल कम्युनिस्ट पार्टी लगायत तमाम राजनीतिक पार्टीहरू र तिनीहरूको भातृ जनवर्गीय संगठनहरूमाथि पनि प्रतिबन्ध लगाइएको अवधि थियो । तर नेपाली कम्युनिस्ट आन्दालनले यो साढे तीन दशकको अवधिमा केही गरेको थियो भने आन्दोलनलाई फुटाउँदै लाने काम मात्र गरेको छ, संघर्षको नाममा माखो मार्ने काम पनि गरेको थिएन ।

अब हेरौं हामी स्वयं के छौं कस्ता छौं र हाम्रा कमजोरी र बलिया प्वाइन्टहरू के कस्ता छन् त ? सबभन्दा पहिलो कुरा त नेपाल उत्तर दक्षिण २४१ किमि चौडाइ र पूर्व पश्चिम ८८५ किमि लम्बाइ भएको चारपाटे आकारको हिमालको काखमा अवस्थित एउटा सानो भूपरिवेष्ठित तथा बहुजातीय मुलुक हो । यसलाई क्रान्तिको प्रमुख दुश्मन शक्ति, विस्तारवादी मुलुक भारतले पूर्व पश्चिम र दक्षिण तीन तिरबाट घेरेको छ र जो क्षेत्रफलको हिसाबले नेपालभन्दा २२ गुणा ठूलो र जनसंख्याको हिसाबले ५० गुणा ठूलो छ ।

भौगोलिक बनोटको दृष्टिकोणले नेपाल हिमाली, पर्वतीय तथा समथर तराई गरी तीन भूभागमा विभाजित छ । आर्थिक र टेकनिकी विकासमा नेपाल तुलनात्मक रुपले धेरै पछाडि छ । मुलुकको एक भागबाट अर्को भागमा आउने जाने बाटोघाटोको ठूलो अभाव छ । हामीलाई मुलुकको एक भागबाट अर्को भागमा जान, १५ दिनदेखि ३० दिनसम्म लाग्न सक्छ भने भारतीय विस्तारवादका सैनिक शक्तिहरू भौगोलिक सुविधा र हवाई सुपेरिओरिटीको कारणले नेपालको जनुसुकै भागमा पनि ५-१० मिनेटमा पुग्न सक्छन् । भारतीय विस्तारवाद आर्थिक, टेकनिकी तथा शस्त्रसम्बन्धी आदिको विकासको दृष्टिकोणले पनि हामीभन्दा धेरै अगाडि छ । मूलतः हाम्रो पक्ष तथा विपक्षका यिनै कुराहरूद्वारा वर्तमान नेपाली क्रान्तिको रणनीति र त्यसका कार्यनीतिहरू ठोस रुपले के कस्ता हुन्छन् भन्ने कुरा निर्धारित हुन्छन् । माथिका कारणहरूले हामीकहाँ स्थायी आधार इलाकाहरूको स्थापना र नियमित सेना राख्ने व्यवस्था हुन बहुतै कठिन छ । रणनीतिक सशस्त्र संघर्षको रुप प्रायशः तरल स्वभावकै हुन्छ ।

भारतीय विस्तारवाद त्यसको मुलुकको साइज, भौगोलिक अनुकूलता र हातहतियार आदि दृष्टिकोणले धेरै बलियो पोजिसनमा भए तापनि त्यसको हैकमवादी व्यवहारले गर्दा त्यसका सबै छिमेकी मुलुकहरूको घृणाको पात्र भएको छ । हाम्रो निर्णायक संघर्षको थलो नेपाली भूमि हुने भए तापनि संघर्षको सहायक थलो विशाल भारतीय भूमि नै हुन्छ ।

नेपालको वर्तमान प्रतिक्रियावादी राज्यसत्ताको शक्तिको आधार भारतीय विस्तारवाद र त्यसको सामाजिक आधार सामन्तवाद भएको हुनाले भारतीय विस्तारवाद हाम्रो प्रहारको प्रत्यक्ष तथा परोक्ष निशाना बनेको हुन्छ । यसै सन्दर्भमा डा.सन यात सेनको नेतृत्वमा भएको सन् १९११ को चिनिया क्रान्तिको बारेमा कामरेड माओ त्सेतुङले गर्नुभएको टिप्पणी उपयुक्त सम्झेकोले उद्धरण गरेको छु जो यस प्रकार छ- 'चिनियाँ क्रान्ति साम्राज्यवाद विरुद्ध लक्षित थियो, तर चिनियाँ जनताले चिङ्ग सम्राटलाई त्यसको तारो बनाए, किनभने चिङ्ग सम्राटले साम्राज्यवादको दलाली गरिरहेको थियो ।'

अर्ध औपनिवेशिक मुलुकहरूमा औपनिवेशिक मुलुकहरूमा जस्तै साम्राज्यवादको ठाडो शासन नभई अप्रत्यक्ष शासन हुने भएकाले त्यस्ता मुलुकहरूमा क्रान्ति हुँदा प्रायशः यस्तै हुने गरेको हुन्छ । जस्तो कि हाम्रो मुलुकको प्रतिक्रियावादी सरकारलाई प्रहार गर्नु भनेकै भारतीय विस्तारवादलाई परोक्ष रुपले प्रहार गर्नु हो ।'

नेपाली कम्युनिस्ट जमातले आफ्नो सैद्धान्तिक तथा राजनीतिक विचारहरूलाई व्यापक छलफलको निम्ति अघि सार्दै बढीभन्दा बढी कामरेडहरूलाई छलफलमा ल्याउने प्रयास गरिरहेको भए तापनि सफलता पाउन सकिरहेको थिएन । कामरेडहरू सिंगो नेपाली कम्युनिस्ट आन्दोलनको पक्षमा उभिनुभन्दा आआफ्नै समूहगत स्वार्थमा लागेको पाइयो । जे होस्, हामीले आफ्नो प्रयासमा लाग्न छाडेनौं, प्रयास गर्दै गइरहेका थियौं ।

स्वास्थ्य

## खाली पेटमा के खाने के नखाने ?



खानपिनको सिधा सम्बन्ध मानवको स्वास्थ्यसँग जोडिएको हुन्छ । सामान्यतया मानिसहरू खानपिनमा ध्यान दिने गर्दैनन् । अझ घरायसी र बाहिरी काममा उत्तिकै सक्रिय हुने महिलाहरूले स्वस्थकर खानामा ध्यान दिनुपर्ने हुन्छ । साधारणतया धेरै मानिसहरू बिहानै खालि पेटमा कुन खाना खान हुने वा नहुने भन्नेमा अल्मलिएका पाइन्छन् । कतिपय अवस्थामा गलत खानेकुराको सेवनले शरीरलाई स्वस्थ बनाउनु भन्दा खराब बनाउँदै लाने खतरा रहन्छ । यस्तोमा खाना खाने समयको ज्ञान हुनु हितकारी हुन्छ । विशेषगरी बिहान खाली पेटमा खान हुने र नहुने खान्कीहरूको यहाँ चर्चा गरिएको छ ।

### खाली पेटमा खान उपयुक्त हुने

**मेथी** : राती भिजाएको मेथी बिहान खाली पेटमा पानीसँग सेवन गर्नु स्वस्थकर हुन्छ । महिला र पुरुषलाई पनि उत्तिकै फाइदा पुग्ने मेथीले विशेषगरी महिलाहरूको लागि बढि लाभदायक रहेको मानिन्छ । मेथीको प्रयोगबाट पेट र हाडजोर्नीको समस्या कम हुने बताइन्छ ।

**स्याउ** : खाली पेटमा एउटा स्याउ खानु उपयुक्त हुने सुझाव सामान्यतया धेरै स्थानमा दिइने गरेको छ । बिहानको समय एउटा स्याउको सेवनले शरीरलाई आवश्यक उर्जा प्रदान गर्ने बताइन्छ । स्याउबाट शरीरले भिटामिन सी, एन्टीअक्सीडेण्ट र फ्लेवोनाइड पदार्थ पाउने भएकोले यसको सेवन गर्न चिकित्सकहरूले पनि सुझाव दिने गरेका छन् ।

**लसुन** : लसुनले प्राकृतिक एन्टीबायोटिकको रुपमा काम गर्ने बताइन्छ । लसुनमा रोग प्रतिरोधी क्षमता बढाउने, एन्टीभाइरल र एंटीफंगल गुण हने बताइन्छ । यी गुणको कारण मानिसहरू बिरामी हुनबाट बच्न सक्छन् । बिहान एउटा लसुनको पोटी खानु स्वास्थको लागि फाइदाजनक छ । यसको प्रयोग कहिलेकाहीं मात्र गर्नुपर्छ, अधिक प्रयोग गर्दा यसले अन्य रोगको कारण बन्न सक्ने कुरामा शतर्क रहन विज्ञहरूले सुझाएका छन् ।

**ज्वानो पानी** : ज्वानोले खानाको स्वाद बढाउने मात्र नभएर यसले मानिसको पाचनक्रिया तन्दुरुस्त राख्छ । दैनिक १ गिलास ज्वानो पानीले शरीरको अनावश्यक वजन घटाउन सहयोग गर्दछ । विशेषगरी महिलालाई ज्वानोको प्रयोगले मधुमेहको सम्भावना कम गर्ने बताइन्छ । स्वस्थ शरीर र मुटु सम्बन्धी रोगबाट बच्न ज्वानो पानी खानु उपयुक्त हुने चिकित्सकले बताएका छन् ।

### खाली पेटमा खान नहुने

**चिया र कफि** : बिहान उठ्ने वित्तिकै चिया वा कफि पिउने बानी स्वास्थ्यको लागि लाभदायक नहुने बताएको छ । चिया तथा कफिमा एसिड धेरै मात्रामा हुने हुँदा पेट दुख्ने, ग्याँस भरिने जस्ता अवगुण हुन्छन् ।

अझ खाली पेटमा यस्ता चिया तथा कफिको सेवनले अल्सर नै हुने खतरा रहन्छ । चिया तथा कफिमा हुने क्याफिनको कारण यस्तो खतरा हुने बताईएको छ । यसको विपरित बिहान उठ्ने बित्तिकै एक गिलास मनतातो पानी पिउँदा स्वास्थ्यको लागि लाभदायी हुनेछ । त्यसपछि चिया तथा कफि सेवन गरेमा तुलनात्मक रुपमा कम असर पर्ने बताएको छ ।

**गोलभेंडा** : विश्वभर नै गोलभेंडाको प्रयोग बढि हुने गरेको छ । गोलभेंडामा कतिपय गुण भएतापनि खाली पेटमा यसको सेवनले पेटलाई नराम्रो असर गर्ने बताइन्छ । यसको प्रयोग बढि हुँदै गएमा पित्तथैली तथा किड्नीमा पत्थर जम्ने समस्या शुरु हुन सक्ने चिकित्सकले बताएका छन् । सोही कारण गोलभेंडाको प्रयोग कम गर्न र खाली पेटमा खाँदै नखान सुझाइन्छ ।

**सुठुनी** : सुठुनीको प्रयोग बिहान गर्नु हुँदैन । बिहान सुठुनी खाँदा स्वास्थ्यमा नकारात्मक असर पैदा गर्छ । सुठुनीमा पेक्टिन, टेनिनको मिश्रण हुन्छ । यसले ग्याष्ट्रिक एसिड, पेटमा र टाउकोमा दुःख दिन्छ ।

**केरा र दही** : खाली पेटमा केरा, दहिको प्रयोगले स्वास्थमा नकारात्मक असर पुऱ्याउने बताएको छ। केरामा मेग्नेशियम धेरै मात्रामा हुन्छ । खाली पेटमा दहिको सेवनले पेट दुख्ने समस्या आउने उल्लेख गरिएको छ । खाली पेटमा यी वस्तुको प्रयोगले शुलको समस्या पनि देखिने छ। मानव शरीर स्वस्थ रहन खानपानमा विशेष ध्यान दिनु जरुरी छ । संयमित भएर सहि खाद्यान्नको सेवनले दीर्घजीवन बाँच्न सकिने भएकोले बेलैमा सचेत हुन चिकित्सकहरू सुझाव दिन्छन् ।

*(एजेन्सी)*

# पर्यटकीय उत्कृष्ट गन्तव्य : चितवनको उपरदाङ्गगढी

✍ दामोदर अर्याल



नेपाल भ्रमणका लागि उत्कृष्ट गन्तव्यभित्र पर्ने जिल्ला हो चितवन । चितवनका धेरै पर्यटकिय स्थलहरू मध्यको उत्कृष्ट गन्तव्य भित्र पर्ने स्थान हो ऐतिहासिक किल्ला उपरदाङ्गगढी । यदि तपाई नेपाल भ्रमण वर्षमा चितवन घुम्दै हुनुहुन्छ भने यो ठाउँ घुम्न नभुल्नुहोला । किन घुम्ने उपरदाङगढी आउनुहोस् पढौ

### के छ गढीमा ?

यस ऐतिहासिक स्थल उपरदाङगढी पृथ्वीनारायण शाहको नाति शत्रुभञ्जङ शाहको पालामा पुनः निर्माण गरिएको यस गढीमा सेन राजाको किल्ला थियो । कुमारीदत्त सेनलाई अंग्रेजसँग मिलेर काठमाण्डौमा धावा बोल्ने प्रपञ्च रचेको आरोप लगाएर प्रतापसिँह शाहको पालामा रामकृष्ण कुँवरको नेतृत्वमा आएको गोर्खाली फौजले आक्रमण गरी यो क्षेत्रलाई नेपाल राज्यमा मिलाएको थियो । नेपाल राज्यमा एकीकरण हुनुपूर्व यो गढी युद्ध किल्लाको रुपमा थियो । भौगोलिक हिसाबले उपरदाङगढीको अवस्थिति अद्वितीय रहेको छ । चितवन उपत्यकाको सम्पूर्ण भूभाग गढीबाट नियाल्न सकिन्छ । चारैतिर भिरालो जमिनले घेरिएको निकैनै सुरक्षीत तवरले निमार्ण गरीएको यस गढीमा दैनिक आन्तरीक तथा वाह्य पर्यटकहरूको भिड लाग्ने गर्दछ ।

यस गढीको थोरै इतिहास हेर्ने हो भने नेपालराज्यमा एकीकरण भएपछि पृथ्वीनारायण शाहका नाति शत्रु भञ्जन शाहले तत्कालीन समयमा उपरदाङगढी अन्तर्गतका पाँच प्रगन्नाबाट उठेको एक वर्षको कर रकम र स्थानीयको जन श्रमदानबाट पूरै एकवर्ष लगाएर उपरदाङगढीको पुनः निर्माण गराएका थिए । हाल देखिएको गढीको आकृति त्यतिबेला निर्माण गरिएको हो ।

कुल ६३९ वर्ग मिटर क्षेत्रफल ओगटेको यो क्षेत्रमा राजदरबार, मालअड्डा अदालत, प्रहरी एवम् सैनिक आवास क्षेत्रको भग्नावशेष छ । तीन फुट चौडाई तथा छ फुट उचाई भएको प्रवेशद्वार रहेको गढीभित्र कोत घर, कालिका र सिद्धबाबाको प्रतिमा, इनार लगायतका संरचना रहेका छन् । ढुंगा, माटो र चुनबाट निर्माण गरिएको गढीको बाहिरी भागको मोटाई तीन फिट रहेको छ । गढीमा नौ वटा सेन्ट्रीपोष्ट छन् । लगभग ३ फिट बाक्लो पर्खालको चारै दिशातर्फ तोप पड्काउने उद्देश्यले ९ वटा खुल्ला झ्यालहरू बनाइएको छ ।

त्यसपछि भीमसेन थापाले उपरदाङगढीलाई राहदानी समेत दिन सक्ने प्रमुख अड्डाको रुपमा विकसित गरे । उपरदाङगढीको परिसर भित्र तत्कालीन समयमा बालकुमारी र बज्रयोगिनी मन्दिर पनि निर्माण गरिएका थिए । गढीको पुनःनिर्माणको समयमा स्थापना गरिएको देवी देवताका मूर्तिहरूमा प्रशासनले दैनिक पूजा गर्ने प्रबन्ध मिलाएको थियो र यो प्रथा हाल पनि कायम रहिआएको छ । राणा शासनको सुरुमा उपरदाङगढी आसपासका इलाकामा घना बस्ती थियो । गढीको चहलपहल पनि राम्रै देखिन्थ्यो तर विभिन्न रोगले मानिसहरू मर्न थालेपछि बिस्तारै बस्ती जङ्गलमा परिणत भयो ।

हिउँदमा ढाकर बोकेर व्यापार गर्न आउने नुन व्यापारी, भारत आवत-जावत गर्ने मानिसहरू र केही शिकार गर्न आउने मानिसहरू बाहेक खासै अरु चहल पहल देखिँदैनथ्यो । राणाहरूलाई चितवनको समथर भूभागमा शिकार खेल्न आउँदा बन्दोबस्ती मिलाउने काम गढीको प्रमुख काम भित्र पर्दथ्यो । जङ्गबहादुर राणा दुईपटक, चन्द्र शमशेर, जुद्ध शमशेर लगायत राणा परिवारका अन्य सदस्यहरू बेलाबेला चितवनमा शिकार गर्न आउने गर्दथे । उनीहरूको शिकारको लागि आवश्यक पर्ने बन्दोबस्तीका सामानको चाँजो पाँजो मिलाउनु गढीको महत्वपूर्ण जिम्मेवारी भित्र पर्दथ्यो । राणाहरूले गढीलाई भन्दा समथर भूभागलाई महत्व दिएका थिए । कसरामा जङ् गबहादुरले दरवारनै बनाउन लगाएका थिए ।

वि.सं. १९८० पछि गढीको एउटा अड्डा झुवानी सारिएको थियो र उक्त अड्डाले शिकार खेल्न बरण्डाभारमा आउने राणाहरूको बन्दोबस्तीका लागि काम गर्दथ्यो । पछि सदरमुकामका केही अड्डा कङ्गालीकोटमा सारियो । कङ्गालीकोटमा औलो रोगको कारण धेरैले ज्यान गुमाएपछि पुनःउपरदाङगढीमा अड्डा लगियो । राणा शासनको अन्त्यतिर सेरबासमा माल अड्डा थियो भने गढीमा अदालत थियो । वि.सं.२००७ सालमा प्रजातन्त्र आएपछि बिस्तारै चितवनको समथर भूभागमा मानिसहरूको चहल पहल बढ्न थाल्यो । औलो रोकथामको लागि विश्वव्यापी रुपमा पहल सुरु भया` । बिस्तारै भरतपुरतिर मानिसको आकर्षण बढ्न थाल्यो । वि.सं. २०१४ सालदेखि २०१६ सालसम्मको अवधिमा गढीको सबै अड्डा भरतपुर सारियो । हाल यस गढी लाई स्थानिय स्तरवाट, गाँउपालिका, जि.स.स. र अन्य सामाजिक संघसस्थाहरूले मुख्य पर्यटकीय क्षेत्रको रुपमा राखेर प्रवर्द्धन र विकासको लागि प्रयास गरीरहेको छ । यसैले पनि यसको महत्व छुट्टै छ ।

### कसरी जाने ?

इच्छाकामना गाँउपालिकामा पर्ने भए पनि यो गढिमा पुग्न चितवनको सदरमुकाम भरतपुर देखि कालिका नगरपालीकाको शक्तिखोर हुदै जान नजिक पर्छ । शक्तिखोर बजारबाट करिब डेढ घण्टाको पैदल दूरीमा पुग्न सकिने यस गढीसम्म गैरीबारी बुङ्गोलाबाट पनि पुग्न सकिन्छ । यस्तै हिउँदको समयमा शक्तिखोरबाटै सवारी साधनमा जान सकिन्छ भने धादिङ्ग र चितवनको सिमाना मौवाखोला देखि जवाङ्ग, दुम्किन हुदै ग्रामिण सडक मार्फत हिउँदको समयमा मोटरबाटै पुग्न सकिने यस स्थान समुन्द्री सतहवाट करीव १२७५ मिटरको उचाईमा रहेको छ ।

### खानपिन बसाइको व्यवस्था के छ ?

मुख्यतयः गढि स्थलमा बास बस्नको लागि होम स्टे तथा कटेजको व्यवस्था छ । स्थानीय अर्ग्यानिक खानाहरू पाइन्छ । लोकल कुखुरा, हाँस, खसीको मासु, मह, दुध, घ्यु, चिउरीको घ्यू उपलब्ध हुन्छ ।

### कति खर्च लाग्छ ?

गाउँपालिकाको केन्द स्थल कुरिनटार देखि भरतपुर हुदै शक्तिखोरबाट जाँदा आउँदा जादा गाडीभाडा एक रात बसाई, खाना खाजा गर्दा प्रति व्यक्ति २ हजार ५ सय जतिले पुग्छ तर बाँस नबसेमा करिब १ हजार ५ सय जति खर्चले पुग्छ । यदि त्यहाँको कोसेली पनि ल्याउन चाहेमा भने अतिरिक्त रकम बोक्नुपर्ने हुन्छ ।

# गान्धीको निजी जीवनसँग नजिक यी महिला



विष्णु भट्टराई

महात्मा गान्धीको नाम नसुन्ने विरलै होलान् । उनी भारतीय स्वतन्त्रता संग्रामका नायक थिए । अहिंसात्मक आन्दोलनद्वारा उनले भारतमा उपनिवेश कायम गरेका ब्रिटिश शासकहरूलाई थर्कमान बनाएका थिए । गान्धीको सत्याग्रह आन्दोलनका अघि आधुनिक गोली गठ्ठा र तोप बोकेका अंग्रेजहरूको केही लागेन । उनीहरू सन् १९४७ मा भारत छोडो गान्धीको आन्दोलनको तागतले झन्डै दुई सय वर्षको आफ्नै औपनिवेशिक शासन छोड्दै ब्रिटेन फर्किन बाध्य भएका थिए । दोस्रो विश्वयुद्धको अन्त्यसँगै भारतमा आफ्नो औपनिवेशिक शासन कायम राख्न अंग्रेजहरू नसक्ने अवस्थामा पुगे । सन् १९४६ मै भारत छोड्ने तयारी गरिरहेका अंग्रेजहरूले १९४७ अगस्त १५ मा आन्दोलनको नेतृत्व गर्ने भारतीय राष्ट्रिय कांग्रेसलाई सत्ता हस्तान्तरण गरेका थिए ।


विश्वको समकालीन नक्सामा जुन भूगोललाई भारत भनेर चिनिन्छ सधैंभरि यसरी चिनिँदैनथ्यो । इतिहासमा यो भूगोलमा जतिबेला १७५७ मा बंगालका नबावलाई हराएर अंग्रेजहरूले पहिलो उपनिवेश कायम गरे त्यसबेला आजको भारतभित्र पाँच सय बढी राज्यहरू अस्तित्वमा थिए । तत्कालीन सामाजिक सम्बन्धका आधारमा स्वाधीनताको आन्दोलनले एक भारतको संकयनलाई संगठित गर्‍यो । बेलायती औपनिवेशिक शासनको विरोध र स्वाधीनता आन्दोलन विरुद्ध हुँदै जाँदा भिन्न भिन्न भूगोल, पर्यावरण, भाषाभाषी र संस्कृति भएन । समुदायलाई एउटै वृत्तमा राख्ने मियो बनेको थियो, स्वाधीन एकीकृत भारतको कल्पना । यही परिकल्पनाले भारतीय राष्ट्रवाद जन्मायो । भारतीय भावना उपनिवेशको प्रतिवादको रुपमा लिन सकिन्छ । गान्धी जतिबेलासम्म जीवित थिए भारतीय राष्ट्रवाद समावेशी विविधता र बहुलतायुक्त थियो । भारतीय स्वतन्त्रता संग्रामको नेतृत्व गरिरहेको भारतीय कांग्रेसका नेताहरूमा मूलतः हिन्दु बाहुल्य थियो । आफ्नो उपस्थिति कमजोर हुँदा मुसलमान नेताहरू सशंकित भए । त्यही शंकाले मोहम्मद आले जिन्ना नेतृत्वको मुस्लिम लिग जन्मियो । भारतको स्वाधीनता आन्दोलनको अन्तरालमा दुई थरी राष्ट्रवाद देखापरे । यी दुवै राष्ट्रवाद बेलायती उपनिवेशले गरेको एकपक्षीय विभाजनकारी व्याख्या र शासनबाट प्रभावित देखिन्छन् । त्यसैले यी दुवै राष्ट्रवाद उपनिवेशविरोधी थिए । महात्मा गान्धीले धर्मलाई आस्था, मान्यता र वैचारिक शिविरको रुपमा भन्दा पनि गुणको रुपमा बुझेका थिए, उनको हिन्दुवाद धर्मको सात्विकतासँग जोडिएको छ । उनी धर्मलाई नैतिकता र परम्पराको रुपमा व्याख्या गर्थे । उनको हिन्दुवादका अहिंसा, परस्पर सम्मान, सहअस्तित्व पर्छ । गान्धी यिनै आदर्शको मातहतमा राजनीति रहनुपर्छ भन्ने ठान्थे ।

गान्धीको भारत चिन्तन पनि यही धर्मको मान्यतामा आधारित छ । उनका निम्ति धर्म अहिंसा हो । हिंसात्मक संघर्षको विरोध गर्दै उनले सन् १९०९ मा लेखेको पुस्तक हिन्द स्वराजलाई गान्धी चिन्तनको आधार कृतिका रुपमा लिने गरिन्छ । उक्त पुस्तकमा गान्धीले अहिंसाको वकालत मात्र गरेका छैनन् स्वाधीन भारतको परिकल्पना पनि गरेका छन् । उनको परिकल्पनाको भारत बेलायती मोडलको भने थिएन । गान्धी भारतलाई ग्रामीण लघु उद्यममा आधारित अर्थव्यवस्था र ग्राम पञ्चायतको राजनीतिक व्यवस्था बनाउन चाहन्थे । जुन बेलायती पुँजीवादी प्रजातन्त्रभन्दा भिन्न थियो । चिन्तनको तहमा पनि उनी विऔपनिवेशिकरणका पक्षमा थिए । गान्धीको हिन्दुवादले भारतलाई निश्चित अर्थप्रणाली र जीवनदर्शन सहितको राज्यको रुपमा परिकल्पना गर्छ । यद्यपि स्वाधीन भारत गान्धीले आँकलन गरेजस्तो भएन । नेहरूको चिन्तन प्रभावी भयो । जुन उदारवादमा आधारित थियो । नेहरूले धर्मनिरपेक्ष, सहिष्णु, समावेशी, विभेदरहित राष्ट्रवादको वकालत गरे । शासन प्रणालीमा बेलायती मोडल अंगिकार गरेको स्वाधीन भारतको जगमा यिनै मान्यता छन् । वर्तमान भारतको संवैधानिक चिन्तनमा गान्धीभन्दा नेहरू प्रभावशाली छन् । गान्धी चिन्तन र व्यवस्थामा पूर्वीयता खोज्थे भने नेहरू पश्चिम मोडलको प्रजातन्त्र, धर्मनिरपेक्ष र लोककल्याणकारी राज्यको पक्षपाती थिए । भारतको आधार नेहरूले चाहेजस्तो धर्मनिरपेक्ष र उदार चरित्रको भयो । गान्धीको हिन्दुवाद कमजोर प्रतीत भयो । तर अहिले हिन्दुवादी गान्धीलाई खुइल्याउँदै भारतीय जनता पार्टीले सावरकरको हिन्दुत्वको निरन्तर उन्नयन खोजिरहेको छ । सन् १९५१ म स्थापित जनसंघले १९५२ देखि लोकसभा निर्वाचनमा भाग लिन थाल्यो । त्यही संघ भारतीय जनता पार्टी बन्दै अहिले भारतमा एकछत्र राज गरिरहेको छ र हिन्दुत्वको पुनर्जागरणको लहर चलाइरहेको छ ।

गान्धीको राजनीतिक जीवनभन्दा पनि सुन्नेका लागि उनको निजी जीवन अझ रोचक लाग्न सक्छ । सन्त, आदर्शवादी, साधु नेता उनको पहिचान हो । उनका बारेमा सुन्ने मान्छेका लागि उनका निजी जीवनमा निकट भएका पात्रका बारेमा जान्नु रमाइलो हुन्छ । गान्धी परिवारको वर्षौंदेखि राजनीतिमा प्रभाव छ । उनीहरूका निजी जीवनका बारेमा पनि बेला बेलामा चर्चा हुन्छ । महात्मा गान्धीका बारेमा त त्यो अझ रुचिको विषय हुन्छ । साधुको पहिचान बनाएको उनको जीवनमा विभिन्न चरणमा महिलाहरूको निकटता कम नरहेको खुलेको छ । को को थिए त उनको निजी जीवनमा ?

भारतको सन्त नेता मोहनदास करमचन्द गान्धी जसलाई महात्मा गान्धी पनि भनिन्छ, उनका नजिक सधैं जसो सयौं झुम्मिएका हुन्थे । उनलाई एकलै भेट्न गाह्रै थियो, कोही न कोही वरपर भएकै हुन्थे । ती भीडमा कोही यस्ता मान्छे पनि हुन्थे जसलाई भारतका सबैजसो नागरिकले जानेका हुन्थे । ती पात्रहरू जवाहरलाल नेहरू, सरदार बल्लभभाइ पटेल वा कस्तुरबा गान्धी । यी व्यक्ति सधैंजसो गान्धीका वरिपरि नै रहन्थे । राजनीतिकै विषयमा कुरा गर्थे । तर त्यही गान्धीको नजिक भीडमा कोही मान्छे यस्ता पनि थिए जसका बारेमा थोरै मान्छेलाई मात्र थाहा थियो । ती मान्छेका बारेमा थोरै मान्छे मात्रै जानकार थिए । ती मान्छे भने गान्धीका नजिकका थिए र अन्तरंग भएर काम गर्थे ।

भारतमा त्यस्ता कोही महिला थिए जसको जीवनमा गान्धीको गहिरो प्रभाव थियो । त्यही प्रभावका कारण उनीहरू कुनै न कुनै दिन थोरै समयका लागि भए पनि गान्धी हिँड्कै बाटोबाट गान्धीसँगै हिँड्दै थिए, त्यही बाटो प्रयोग गर्दै ती महिलाले पनि आआफ्नो जिन्दगीमा सफलतापूर्वक अघि बढेका थिए । तीमध्ये कोही गान्धीसँग लामो समय टिकिरहे कोही टिक्न सकेनन् ।



मेडेलिन ब्रिटिस एडमिरल सर एन्ड स्लेडका छोरी थिइन् । एक वरिष्ठ ब्रिटिस अधिकारीकी छोरी भएका कारण उनी कडा अनुशासनमा हुर्किएकी थिइन् । उनको बाल्यकाल अत्यन्तै अनुशासनमा बितेको थियो । त्यो समयमा ब्रिटिस अधिकारीकी छोरीको त्यसर
ी बित्नु सामान्य र जायज जस्तै थियो । मेडेलिन जर्मन पियानिस्ट र संगीतकार बिथोबेनका निकै प्रशंसक थिइन् । त्यही कारणले लेखक एवं फ्रान्सेसी बुद्धिजीवी रोमेन रोलैंन्डको सम्पर्कमा आएकी थिइन् उनी । त्यस समयमा रोमेन रोलेंड नामका एक लेखकले संसारका चर्चित संगीतकारका बारेमामात्रै होइन, महात्मा गान्धीको समेत बायोग्राफी (आत्मकथा) लेखेका थिए । गान्धीका बारेमा रोमैनले लेखेका वायोग्राफी पढेर मेडेलिन निकै खुसी भएकी थिइन् । उनले त्यो रुचिपूर्वक पढेको उल्लेख गरिएको छ । गान्धीप्रति मेडेलिनको रुचि हेर्दा लाग्थ्यो उनी आफ्नो जिन्दगी पनि गान्धीकै बाटोमा हिँड्न ठीक ठान्दैछिन् । उनलाई गान्धीले रोजेको बाटो मन परेजस्तो थियो ।



गान्धीका बारेमा छापिएका पुस्तक, समाचार र लेखहरू पढ्दै उनी रोमाञ्चित भइन् । उनले पत्रमार्फत आफ्नो अनुभव पनि सार्वजनिक गरिन् र आफू गान्धीको आश्रममा जान इच्छुक रहेको जानकारी गराइन् । रक्सी सेवन गर्न छोड्ने खेती किसानी गर्न सिकाउनेदेखि शाकाहारी बन्नेसम्म मेडेलिनले गान्धीले लेखेका पत्रिका यङ इन्डिया पनि पढ्न सुरु गरेकी थिइन् । सन् १९२५ अक्टोबरमा उनी मुम्बई हुँदै अहमदावाद पनि पुगिन् ।

गान्धीसँग उनको पहिलो भेटका बारेमा मेडेलिनले बताइन्, जब म त्यहाँ पुगेकी थिएँ, मेरो अघि दुब्लो पातलो व्यक्ति सेतो आसनबाट उठेर भएतिर आउँदै थिए । मलाई थाहा थियो कि ती सेतो वस्त्रधारी उनै बाबु थिए । उनीप्रति ममा हर्ष र श्रद्धाको भाव उत्पन्न भएको थियो । मेरो अघि दिव्य प्रकाश मात्रै देखिएको थियो । म उनै बाबुको पाउमा झुकेर बसेँ । बाबुले मलाई उठाउँदै भने- तिमी मेरो छोरी हो ।'



मेडेलिन र गान्धीका बीचमा त्यो दिन छुट्टै सम्बन्ध बन्न पुग्यो । त्यसपछि मेडेलिनको नाम मिराबेन बन्न गयो । आश्रममा मान्छे नीला नागिन भनेर सम्बोधन गर्थे । आफ्नै कृष्णको गोपी मान्ने निला माउन्ट बाबुमा एक स्वामी (धार्मिक गुरु) सँगै बस्थिन् । अमेरिकामा जन्मिएकी निलाको मैसुरका राजकुमारसँग प्रेम बसेको थियो । निलाले सन् १९३२ मा गान्धीलाई बैंगलोरबाट पत्र लेखेकी थिइन् । उक्त पत्रमा उनले समाजमा रहेको छुवाछुतका विरुद्ध भएका कामका बारेमा जानकारी गराएकी थिइन् । उनले त्यसका बारेमा गान्धीलाई पत्रमार्फत सम्पूर्ण जानकारी गराइन् । उनीहरूका बीचमा पत्राचारको सिलसिला त्यहीँबाट सुरु भएको थियो ।

त्यसको अघिल्लो वर्ष सन् १९३३ जनवरीमा भएको भेटमा नीलाको कुराकानी यरबडा जेलमा गान्धीसँग भएको थियो । गान्धीले नीलालाई सावरमती आश्रममा पठाए । त्यहाँ केही समयपछि उनको नयाँ सदस्यसँग उनलाई असहज महसुस हुन थाल्यो । उनलाई त्यहाँ बस्न कठिन भयो । खुला सोच भएकी नीलाका लागि आश्रमजस्तो एकान्त वातावरणमा बस्न सम्भव थिएन । उनलाई त्यहाँ उकुसमुकुस लाग्न थाल्यो । यत्तिकैमा उनी एकदिन आश्रमबाट भागिन् । त्यसपछि उनी एकदिन वृन्दावनमा भेटिइन् । केही समयपछि उनलाई अमेरिका पठाइयो। त्यहाँ गएर उनले इस्लाम धर्म मानिन् र कुरानको अनुवाद गरिन् ।

उच्च शिक्षा र सभ्य नारीको पहिचान बनाएकी सरलादेवीको भाषा, संगीत र लेखनमा गहिरो रुचि थियो । उनी रविन्द्रनाथ टैगोरकी भतिजी पनि थिइन् । लोहारमा गान्धी सरलाको घरमै बसेका थिए । त्यो त्यसबेलाको अवस्था थियो जतिबेला सरलाका स्वतन्त्रता सेनानी पनि रामभुजदत्त चौधरी जेलमा बन्दी थिए । दुवैजना एक आपसमा नजिक रहेका थिए । उनीहरूको निकटालाई महसुस गर्ने आधार उनीहरू आफैंले सिर्जना गरेका थिए । कारण थियो । गान्धी सरलालाई आफ्नो आध्यात्मिक पत्नी भन्ने गर्थे । गान्धीको यो भनाइ र व्यवहारले सरला र उनका पतिका बीचमा समेत विवाद बढेको थियो । गान्धी आफैंले भनेका थिए- मेरो र सरलाको सम्बन्धले पति पत्नीबीचको सम्बन्ध टुट्न लागेको थियो तर बच्यो । यसबाट थाहा हुन्छ गान्धी र सरलाबीच कस्तो सम्बन्ध थियो । गान्धी र सरलाले खादीको प्रचारका लागि भारतको यात्रा गरेका थिए । केही समयपछि हिमालयका एकान्त बासका क्रममा सरलाको निधन भयो ।

गान्धी पक्राउ परेपछि सत्याग्रहको नेतृत्व गर्ने जिम्मेवारी सरोजिनी नायडुको काँधमा आयो । गान्धी र सरोजिनीको पहिलो भेट लण्डनमा भएको थियो । एउटा होचो कदका मान्छे जसको टाउकामा कपाल थिएन । कम्बल ओढेर जैतुनको तेलमा बनाएको टमाटर खाँदै थिए । दुनियाँका चर्चित नेताको त्यो अवस्थामा म खुसी हुँदै हाँस्न लागेँ । म हाँसेको सुनेर उनले मतिर हेर्दै सोधे तिमी पक्कै पनि पत्नी नायडु हौं । यति साह्रो अनुशासन नभएकी अरु को हुन सक्ली ? आउ सँगै बाँडेर खाना खाउँ । सरोजिनीले लेखेकी छिन् ।

शाही परिवारसँग सम्बन्ध भएकी बाली राजकुमारी पञ्जावको कपुरथलाका राजा सर हरनाम सिंहकी छोरी थिइन सरोजिनी । राजकुमारी अमृत कौरले बेलायतमा पढेकी थिइन् । राजकुमारी अमृत कौरलाई सत्याग्रहमा गान्धी नजिक देखिएको थियो । सन् १९३४ मा पहिलो भेट भएपछि गान्धी र कौरले थुप्रै पत्राचार गरे । वमक सत्याग्रह र १९४२ मे महिनामा भारत छोड आन्दोलनका क्रममा गान्धी पक्राउ परे । जेल गए । स्वतन्त्र भारतको पहिलो स्वास्थ्यमन्त्री बन्ने अवसर कौरले पाएकी थिइन् ।

सुशीला प्यारेलालकी बहिनी थिइन । महादेव देसाइपछि गान्धीको सचिव भएका प्यारेलाल पञ्जावी परिवारका थिए । आमाले विरोध गर्दागर्दै पनि दाजुबहिनी गान्धी भएको ठाउँमा आउँथे । तर छोराछोरीलाई गान्धीको सम्पर्कमा आउन रोक्ने आमापछि गान्धीकै समर्थक बनेकी थिइन । चिकित्सा शिक्षा सकेपछि सुशीला गान्धीको निजी डाक्टर बनिन् । मनु र आमासँगै प्रायःजसो गान्धी जसको काँधमा आफ्नो बुढो हात राखेर सहारा लिन्थे । त्यसमा सुशीला पनि हुने गर्थिन् । भारत छोड आन्दोलनमा उनी कस्तुरबासँग मुम्बइमा गिरफ्तार भइन् । पुनेमा कस्तुरबा र गान्धीको अन्तिम दिनमा सुशीलासँगै थिइन् । गान्धीको ब्राह्मचर्य प्रयोगमा पनि सुशीला सहभागी थिइन ।


आमाको जन्म बंगालमा भएको थियो । उनको बिहे गान्धीको पनाति कनु गान्धीसँग भएको थियो । आमा गान्धीको प्रार्थना सभामा भजन गाउँथिन् । कनु फोटोग्राफी गर्थे । १९४० को दशकका गान्धीका प्रायः फोटो कनुले नै खिचेका थिए । आमा गान्धीसँगै खोभाखालीमा बस्थिन, त्यसबेला भारतमा दंगा भड्किएको थियो । गान्धी हिन्दु मुस्लिमको बीचमा शान्ति स्थापना गर्ने कोसिसमा थिए । नाथुराम गोड्सेले जतिबेला गान्धीलाई गोली प्रहार गरेका थिए आमा पनि सँगै थिइन् ।

मनु गान्धीको आफन्त थिइन् । गान्धी मनुलाई नातिनी भन्थे । उनी उमेरमा निकै सानी थिइन् । गान्धीको बुढो शरीरलाई काँध थापेर हिँड्थिन् उनी । कस्तुरबाको अन्तिम समयमा उनले सेवा गरेकी थिइन् । उनले लेखेको डायरी चर्चित छ ।

(एजेन्सीको सहयोगमा)

## मिल्ने भए

सन्जु ओली



फर्काउन मिल्ने भए तिम्रो त्यो
प्रेम फर्काउँथेँ
पहिलेकै अवस्थामा राख्नु मलाई
भनी पर्खाउँथेँ ।

लागेन मेरो केही तिम्रो सामु
त्यो घृणामा
भेट्न पाए लाग्छ, एकपटक
तिम्लाई पड्काउँथें ।

हिजो चियागफमा जस्तै मख्ख
पार्ने तिमी
आज किन भुल्यौ भनी एकपटक
थर्काउँथें ।

## गरिब

गाउँमा त जताततै गरिबीको मार थियो
तर के गर्नु सरकारसँग त सिंहदरबार थियो

बेरोजगारीको भोकमरीले विदेश जानेहरूको
एयरपोर्टमा लामो लाइन हजार थियो

कम्पनीमा निवेदन पेस गरेको धेरै भएको छ
तर मेरो जाने पालो परारै थियो ।

कमाएको सबै रकम घरमा पठाइयो
आफू टाढा घरमा श्रीमती फरार थियो ।

प्रेरक

## हिराको मूल्य



भारतीय राज्य महाराष्ट्रअन्तर्गत पर्ने रत्नागिरि जिल्लाको काटलुक गाउँमा एउटा प्राथमिक विद्यालय थियो। विद्यालयमा कक्षा चलिरहेको थियो। एक दिन एक अध्यापकले बालबालिकासित प्रश्न गरे- तिमीहरूले बाटामा हिँड्दै गर्दा एउटा मूल्यवान् हिरा भेट्यौ भने के गर्छौ ?

एक बालकले हत्तपत्त जवाफ दिए- गुरु, म त्यसलाई बजारमा लगेर बेच्छु, अनि एउटा राम्रो कार किन्छु। अर्का एक बालकले भने- म त्यसलाई बेचेर धेरै धनी मान्छे बन्छु। अर्का एकजनाले भने- म त्यसलाई बेचेर विदेश घुम्न जान्छु।

सबैले आआफ्ना योजना सुनाउँदै गर्दा अर्का एक बालकले भने- मैले बाटामा त्यस्तो बहुमूल्य हिरा भेटें भने म त्यसको मालिक पत्ता लगाएर उसैलाई फिर्ता गरिदिन्छु। बालकको जवाफ सुनेर अध्यापक चकित भए। उनले फेरि प्रश्न गरे- धेरै दुःख गरेर खोज्दा पनि त्यस हिराको मालिक पत्ता लागेन वा भेटिएन भने त्यतिखेर तिमी के गर्छौ ?

बालकले नम्र स्वरमा जवाफ दिए- मालिक भेटिएन भने म त्यस हिरालाई बजारमा बेच्छु र आएको पैसा देशसेवामा लगाउँछु। बालकको जवाफ सुनेर अध्यापक ज्यादै खुसी भए। उनले ती बालकलाई अंकमाल गर्दै भने- स्याबास, तिमी साँच्चै ठूलो देशभक्त हुनेछौ। तिमीलाई राष्ट्रले पछिसम्म आदर गरिरहनेछ। ती अध्यापकको भनाइ साँच्चै सत्य ठहरियो। ती बालक जवान भएपछि साँच्चै ठूला देशभक्त बने। उनको नाम थियो, गोपालकृष्ण गोखले।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

परिवेश उल्लासमय रहे पनि जीवनशैली व्यस्त रहनेछ। प्रतिष्ठा एवं लोकाचारका लागि अनावश्यक काममा जुट्नुपर्ला। भोगविलासले फजुल खर्च बढाउनेछ। सुखको आनन्दमा साथ दिन आउनेहरू समस्या पर्दा टाढिनेछन्। प्रेम र मित्रताको बन्धनले परोपकारी काममा प्रवृत्त गराउनेछ। खर्च लागे पनि रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ।

### वृष

द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। योजना गोप्य राखेर अघि बढ्नुहोला, बिस्तारै फाइदा हुनेछ। चुनौती चिर्दै काम बनाउन सकिनेछ। स्वास्थ्य सबल रहनेछ भने पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ। प्रतिस्पर्धामा पनि विजयी भइनेछ। व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुनेछ। रोकिएका काम पुनस् प्रारम्भ गर्न सकिनेछ।

### मिथुन

आँटले सजिलै लक्ष्यमा पुर्याउनेछ। सुखद समाचारले आजको दिन उत्साहपूर्ण रहनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। प्रतिष्ठित काम सम्पादन गर्ने समय छ। व्यापार, पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्ने योग छ। सन्तान वा अनुयायीको साथले पनि हिम्मत जगाउनेछ। दिगो फाइदा हुने काम सम्पादन गर्न सकिनेछ।

### कर्कट

परिस्थितिअनुसार चल्न नसक्ता अलि दुःख पाइनेछ। हतारको निर्णयले काम बिग्रन सक्छ। महत्वाकांक्षी योजना कार्यान्वयनमा आफ्नैले बाधा पुर्याउन सक्छन्। अरूको फाइदाका लागि उपयोग भइने सम्भावना छ। मान्यजनको मन जित्ने प्रयत्न गर्नुहोला। आमाको सहयोगले फाइदा उठाउन सफल भइनेछ। तर बेसुरमा गरिएको काम दोहोर्याउनुपर्ला।

### सिंह

नयाँ काम प्रारम्भ गर्ने समय छ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ। दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिलो हुनेछ। लगानी गर्दा व्यवसायमा मनग्गे धनलाभ हुनेछ। मिहिनेतले दिगो फाइदा दिलाउन सक्छ। पहिलेको उपलब्धिले पनि उत्साह जगाउनेछ। प्रतिस्पर्धीहरूले समेत सहयोगका हात फैलाउनेछन्।

### कन्या

अध्ययनमा प्रगति हुनेछ। लेखन तथा सिर्जनात्मक कामबाट ख्याति मिल्न सक्छ। प्रयत्न गर्दा बोलीको भरमा काम बन्नेछ। आलोचकहरूले समेत प्रशंसा गर्न थाल्नेछन्। मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। सहयोगीहरूले साथ दिनेछन् भने अहिले मिहिनेत गर्दा पछिसम्म लाभ मिल्नेछ। पहिलेका कमजोरीलाई सुधार गर्ने अवसर प्राप्त हुनेछ।

### तुला

प्रयत्न गरेको काम छिटै पूरा हुनाले समय फुर्सदिलो रहनेछ। इच्छाशक्तिद्वारा महत्वाकांक्षी कार्य प्रारम्भ होला। साथ दिनेहरू बढ्नेछन् भने मान-सम्मान समेत प्राप्त हुने समय छ। पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। नयाँ कामको नेतृत्व लिन सफल भइनेछ।

### वृश्चिक

समयमा होस नपुग्नाले खर्च बढ्नेछ। ठूलो प्रयत्नले सामान्य उपलब्धि दिलाउनेछ। तर खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला। शुभचिन्तकहरूलाई बेवास्ता गर्दा दुःख पाइएला। परिवारजनबाट समेत टाढिनुपर्ला। प्रलोभन देखाउनेहरूले फसाउन सक्छन्। आफ्नै कमजोरीले विवाद निम्त्याउनेछ। सद्विचारले अभिप्रेरित हुनेहरूलाई फाइदा हुनेछ।

### धनु

मनग्गे आम्दानी भए पनि प्राप्त रकम परिस्थितिवश खर्चनुपर्ला। मिहिनेत परे पनि श्रमको समुचित मूल्यांकन नहुन सक्छ। चिताएको काम समयमा पूरा नहुन सक्छ। पढाइलेखाइमा त्यति मन नजाला। अरूको भरण-पोषणमा खर्च बढ्नेछ। तापनि पछि फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ। रोकिएका काममा अग्रजहरूको सहयोग जुट्न सक्छ।

### मकर

प्रतीक्षा गरिएको काम छिटै सम्पादन हुनेछ। आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ। दाम र प्रतिष्ठा कमाउने बेला छ। सामाजिक दायित्व बढ्नेछ। भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ। व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ। कीर्तिमानी काम गर्ने समय छ। प्रयत्न गर्दा महत्वपूर्ण वस्तु लाभ होला। सहयोगीहरूले हिम्मत दिलाउनेछन्।

### कुम्भ

नसोचेको अवसरले नयाँ जिम्मेवारी दिलाउन सक्छ। टाढिएका साथीभाइ नजिकिनेछन् भने मित्रता नै दिगो लाभको संवाहक बन्न सक्छ। शुभचिन्तकहरू प्रशस्तै फेला पर्नेछन्। चुनौतीहरू स्वतः हट्नेछन् भने कर्मयोग र आम्दानीले पछ्याउनेछन्। धेरैले कामको तारिफ गर्नेछन्। पदीय जिम्मेवारी प्राप्त हुन सक्छ। मान( प्रतिष्ठा कमाउने बेला छ।

### मीन

शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ। आफ्ना वस्तु तथा काममाथि अरूले नियन्त्रण गर्न सक्छन्। व्यवसाय र अध्ययनमा समय दिन नसकिएला। आर्थिक लाभ नहुने जिम्मेवारी वहन गर्नुपर्ला। तत्काल फाइदा नभए पनि सम्भावना पहिचान गर्न सकिनेछ। ठूला व्यक्तिहरूले साथ नदिए पनि साना भाइभहिनीको सहयोगले लाभ दिलाउनेछ।

# समाचार संक्षेप

### बाढीपहिरोबाट सडक अवरोध तथा मृत्यु

काठमाडौं। सिन्धुपाल्चोक, ईन्द्रावती गाउँपालिका ३ कुन्चोक मोडमा सोमबार बिहानपहिरो जाँदा नवलपुर चौतारा सडक अवरोध भएको छ। प्रहरी चौकी भिमटारबाट खटिएको प्रहरीले सडक खुलाउन आवश्यक पहल गरिरहेको छ।

म्याग्दी,बेनी नगरपालिका १ रानीवनस्थित अविरल बर्षाको कारण कालीगण्डकी नदीमा सोमबार बिहान बाढी आउँदा करिब २० मिटर कटान गरी बेनी बागलुङ सडक पूर्णरुपमा अवरोध भएको छ। प्रहरी चौकी सिंगाबाट खटिएको प्रहरीले सडक खुलाउन आवश्यक पहल गरिरहेको छ। यसैगरी बेनी नगरपलिका(४ सिंगातातोपानी घुमाउने भिरम्याग्दी खोलाको बाढीले करिब १२ मिटर सडकको भाग कटान गर्दा बेनी दरबाङ सडक पूर्णरुपमा अवरोध भएको छ। प्रहरी विट रत्नचौरबाट खटिएको प्रहरीले सडक खुलाउन आवश्यक पहल गरिरहेको छ।

मुस्ताङ,थासाङ गाउँपालिका २ न्याउरीकोट बस्ने ७५ वर्षीय रण प्रसाद गौचनको घर बर्षाको कारण अचानक भत्किदा उनको १८ वर्षीयनातीनिसान तुलाचनको घट्नास्थलमै मृत्यु भएको छ। पहिरोमा परी घाइते भएका रण प्रसादलाई उपचारका लागि प्राथमिक स्वास्थ्य चौकी लेते पठाइएको छ। उक्त स्थानमा तत्काल खटिएको प्रहरीले आवश्यक उद्दार कार्य समेत गरिरहेको छ।

### पानीमा डुबेर मृत्यु

काठमाडौं। धनुषा,कमला नगरपलिका ८ टेड्हा बस्ने ५० वर्षीय राम पुकार महरा आफ्नै घर अगाडि रहेको खाल्डोमा जमेको पानीडुबेर आइतबार मृत्यु भएको छ। पाल्पा,माथागढी गाउँपालिका १ चिदीपानी बस्ने ५३ वर्षीय हर्क बहादुर सारुको सोही गाउँपालिका ३ कसेनीस्थित खेतमा लैजाने पानीको बाँधमा डुबेर आइतबार मृत्यु भएको छ। यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### करेन्ट लागेर मृत्यु

सल्यान। शारदा नगरपलिका(७ बस्ने १४ वर्षीय टोपेन्द्र बुढाथोकीको करेन्ट लागेर सोमबार मृत्यु भएको छ। आँप टिप्ने क्रममा करेन्ट लागेर रुखबाट खस्दा उनको घटनास्थलमै मृत्यु भएकोहो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### ट्रकको ठक्करबाट एक जनाको मृत्यु

कैलाली। बर्दगोरिया गाउँपालिका(१ टिन बजारस्थित सडकमा ना.६ ख ३३४० नम्बरको ट्रकले से.६ प ७१८१ नम्बरको स्कुटरलाई सोमबार बिहान ठक्कर दिंदा स्कुटर चालक लम्की चुहा नगरपालिका(६ बागमारा बस्ने २५ वर्षीया सन्तोषी कुमारी बोहराकोघटनास्थलमै मृत्यु भएको छ। ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिनुका साथै दुर्घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### इनार तथा खोलामा डुबेर मृत्यु

काठमाडौं। काठमाडौं, टोखा नगरपालिका(३ साईबाबा चोक बस्ने खविराज राईको ईनार सफा गर्ने क्रममा ईनारमा डुबेर सोही ठाउँ बस्ने मोरङ उर्लाबारी घर भएका २९ वर्षीय तेमेन लिम्बुको आइतबार मृत्यु भएको छ। ईनारमा डुबेर बेहोस भएका उनको तत्काल उद्दारा गरी ग्राण्डी अस्पताल धापासी लगिएकोमा उपचारको क्रममा मृत्यु भएको हो।

धनुषा, मुखियापट्टी मुसहरनिया गाउँपालिका ६ स्थित सेती खोलामा डुबेर नगराईन नगरपालिका(१ बैरी बस्ने राकेश यादवको १२ वर्षीय छोरा रामानन्द यादवको आइतबार मृत्यु भएको छ। फुलगामा बहेडाबेला सडकको सेती खोलाको निर्माणाधिन पुलमुनी नुहाउने क्रममा डुबेर गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो।

ताप्लेजुङ, मिक्वाखोला गाउँपालिका ५ स्थित तावा खोलामा डुबेर सोही ठाउँ बस्ने ५३ वर्षीया मनमाया साँवा लिम्बुको आइतबार मृत्यु भएको छ। खोला तर्ने क्रममा डुबेर उनको मृत्यु भएको बताइएको छ।

सर्लाही, बिष्णु गाउँपालिका ३ स्थित कुन्दी खोलामा डुबेर सोही गाउँपालिका २ बस्ने १८ वर्षीय नरेन्द्र रामको मृत्यु भएको छ। नुहाउने क्रममा खोलाले बगाई बेपत्ता भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी मधुवनगोठ र ईलाका प्रहरी कार्यालय गडहियाबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा सोमबार बिहान सोही खोलाको छेउमा उनको शव फेला पारेको हो।

मकवानपुर, गढी गाउँपालिका ६ सरनपुर बस्ने ४१ वर्षीय सुमन सिंह रुम्बाको सोही ठाउँस्थित सामारी खोलामा डुबेर आइतबार मृत्यु भएको छ। खोला तर्ने क्रममा अचानक खोलाले बगाई बेपत्ता भएका उनको खोजी गर्ने क्रममा सोही गाउँपालिका २ सोल्टी मोडस्थित खोलामा ढुङगामा अड्किएको अवस्थामा उनको शव फेला परेको हो। यस सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### सवारी दुर्घटनामा परी मृत्यु

काठमाडौं। जुम्ला, कनकासुन्दरी गाउँपालिका ४ हाडसिँजास्थित सडकमा भे.१ त ८८४० नम्बरको ट्र्याक्टर अनियन्त्रित भई सडकबाट किनारमा पल्टिएर आइतबार साँझ दुर्घटना हुँदा ट्र्याक्टरका सहचालक सोही ठाउँ बस्ने २४ वर्षीय गोर्ख बुढाको घटनास्थलमै मृत्यु भएको छ। ट्र्याक्टर चालक हाल फरार रहेकोले प्रहरीले खोजी गरिरहेको छ।

सिरहा, नरहा गाउँपालिका ४ कटनियास्थित सडकमा ना.३ ख ३७५० नम्बरको टिपरले प्रदेश २-००१ प ५३४३ नम्बरको मोटरसाइकललाई आइतबार राति ठक्कर दिंदा मोटरसाइकलमा सवार सोही गाउँपालिका ४ थलहा बस्ने ३० वर्षीय सितल यादवको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान घोपामा उपचारको क्रममा मृत्यु भएको हो। दुर्घटनामा घाइते भएका अन्य २ जनालाई आरके मेडिसिटी सिरहा हुँदै थप उपचारका लागि सोही प्रतिष्ठान पठाइएको छ। दुवै सवारी साधन र टिपर चालक प्रहरीले नियन्त्रणमा लिएको छ।

### करेन्ट लागेर मृत्यु

काठमाडौं। ताप्लेजुङ, फुङ्लिङ नगरपालिका २ आहालेतनाबेस्थित सडकमा फसेको ट्रक निकाल्न सहयोग गर्ने क्रममा करेन्ट लागेर मे.१ च ३०११ नम्बरको कार चालक ताप्लेजुङ पाथिभरा यङबरक गाउँपालिका १ नाङखोल्याङ बस्ने २७ वर्षीय बिकास सुनुवारको आइतबार मृत्यु भएको छ। सोही ठाउँस्थित दोभानबाट ताप्लेजुङतर्फ जाँदै गर्दा बाटोमा फसेको मे.१ ख १८६५ नम्बरको ट्रक निकाल्न सहयोग गर्ने क्रममा ट्रकले ११ हजार भोल्टेजको विजुलीको तार छोएर करेन्ट लाग्दा उनको घटनास्थलमै मृत्यु भएको हो। करेन्ट लागेर घाइते भएका ट्रक चालक पांचथर हिलिहाङ गाउँपालिका ७ घर भई झापा बिर्तामोड बस्ने ३० बर्षीय अमृत श्रेष्ठलाई उपचारको लागि जिल्ला अस्पताल ताप्लेजुङतर्फ पठाइएको छ।

बारा, रौतहट बौधिमाई नगरपालिका(५ कोपुवा बस्ने वीरेन्द्र कुमार यादवको ३ वर्षीय छोरा दिपेश कुमार यादवको करेन्ट लागेर आइतबार मृत्यु भएको छ। बारा सिम्रौनगढ नगरपालिका(९ बसवरिया टोलस्थित आफ्नै मामाघरमा खेल्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल कलैयामा उपचारको क्रममा मृत्यु भएको हो।

कैलाली, गोदावरी नगरपालिका ४ बस्ने ३० वर्षीय पुल सिंह कास्याबको करेन्ट लागेर आइतबार मृत्यु भएको छ। आफैले संचालन गरेको वेल्डिङ पसलमा काम गर्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको पद्मा अस्पताल अत्तरियामा उपचारको क्रममा मृत्यु भएको हो।

### सवारी दुर्घटनामा मृत्यु

काठमाडौं। रुपन्देही,सैनामैना नगरपालिका(१ वनकट्टामा लु.१ ख ४७९५ नम्बरको ट्रक र लु.२ च २०२१ नम्बरको पिकअप एकआपसमा ठक्कर खाई आइतबार बिहान दुर्घटना हुँदा प्युठान स्वर्गद्वारी नगरपालिका ५ बस्ने ४० वर्षीय होम बहादुर घर्ती मगरको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो। दुर्घटनामा घाइते भएका पिकअपकाचालक प्युठान स्वर्गद्वारी नगरपालिका ६ बस्ने २३ वर्षीय तेजेन्द्र बुढा मगरलाई सोही अस्पताल हुँदै थप उपचारका लागि लुम्बिनी सिटी अस्पताल बुटवलतर्फ लगिएको छ।दुवै सवारी साधन र ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Implicit = व्यक्त नगरिकनै बुझिने He never appreciated his son's success but his appreciation was always implicit (उसले आफ्नो छोराको सफलता देख्न र सुन्ने गरेर नभई मौन रुपमा गर्ने गर्दथ्यो)

Juggernaut = पेलाहा Nothing canbe done against a juggernaut (पेलाहाको अगाडि कसैको केही लाग्दैन)

Knell = घन्टको आवाज। ध्वनि This knell indicates that someone has passed away (यो घन्टको ध्वनिले कसैको मृत्यु भएको संकेत गर्दछ )

Luscious = वासना र स्वाद दुवै भएको The apples from Jumla are luscious (जुम्लाको स्याउ स्वादिलो र वासनादार हुन्छन)

Mitigate = फुल्याउनु। कम गर्नु। शान्त गर्नु Only his mother can mitigate his anger (उनकी आमाले मात्र उसको क्रोध शान्त गर्न सक्छिन्)

Numismatist = सिक्का संग्रहकर्ता His uncle was a famous numismatist (उसका काका प्रख्यात सिक्का संग्रहकर्ता थिए)

Overwrought = छिट्टै आवेशमा आउने He is too overwrought so do not tell him that tragedy immediately (ऊ छिट्टै आवेशमा आउने हुँदा उसलाई दुखान्त कुरा उत्तिनखेरै नसुनाउनु)

Piety = भक्त। ईश्वरप्रति आदरभाव भएको Mother Teresa is an example of piety (मदर टेरेसा भक्ति र आस्थाकी नमुना हुन्)

Quench = शान्त पार्नु। नियन्त्रणमा लिनु। He emptied the entire bottle of water to quench his thirst (तिर्खा शान्त गर्न उसले पुरै बोतल पानी रित्यायो)

Repudiate = स्वीकार गर्न मञ्जुर नगर्नु I can not repudiate the debt taken by my brother (मेरो भाइले लिएको ऋण स्वीकार गर्न म सक्तिन )

## Run बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Run over somebody = किच्नु The car ran over a person and escaped कारले एक व्यक्तिलाई किचेर भाग्यो।

Run over something = सरर पढ्नु He ran over the newspaper and went out पत्रिका सरर पढेर ऊ बाहिर निस्क्यो।

Run over with something = बल वा शक्ति देखाउनु She is running over with health and vitality स्वास्थ्य र तागतको कारण उनी आफ्नो शक्ति देखाउँछिन्।

Run through something = भित्र पस्नु An angry person ran through the crowd and cried एक रिसाहा व्यक्ति हूलभित्र पसेर चिच्चायो।

Run something through = घुसाउनु। छिराउनु Run this paper through the machine, then you will get it printed यो कागजलाई मेसिनमा छिराउ अनि यो छापिन्छ।

Run to something = तन्किनु This article might run to five pages यो लेख ५ पेजसम्म तन्कन सक्छ।

Run up = क्रिकेट खेलमा बलिङ गर्नुअघि दौडनु Sandip is running up to bowl सन्दिप बलिङ गर्ने क्रममा दौडँदैछ।

Run something up = फहराउनु र उत्तोलन गर्नु He ran up a flag on the mast उसले झण्डोत्तोलन गऱ्यो।

Run up against something = कसैको सामना गर्नु The government is now running up against its privatization policy सरकार अहिले आफनो निजिकरण नीतिको विपक्षमा लाग्नेको सामना गरिहेछ।

Run around = छिर्ने दाउ गर्नु They are running around our fruit garden तिनीहरू हाम्रो फलफूल बगैंचामा छिर्ने दाउ गर्दैछन।

## सुडोकु-अंक १९३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | | | २ | | ४ | ८ |
| ३ | | ६ | | | | | | |
| | | | | ७ | | | | |
| | २ | | | | ५ | ७ | | |
| | ७ | | ३ | | ९ | | १ | |
| | | ४ | ६ | | | | ८ | |
| | | | | ९ | | | | |
| | | | | | | ४ | | ९ |
| ८ | ५ | | ७ | | | ३ | | |

## अंक १९२ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | ८ | ३ | ९ | ४ | १ | ५ | २ | ७ |
| ९ | १ | ४ | ७ | ५ | २ | ८ | ३ | ६ |
| ५ | २ | ७ | ३ | ६ | ८ | १ | ४ | ९ |
| ७ | ९ | १ | ४ | ३ | ५ | २ | ६ | ८ |
| ८ | ५ | ६ | १ | २ | ७ | ३ | ९ | ४ |
| ३ | ४ | २ | ८ | ९ | ६ | ७ | १ | ५ |
| २ | ७ | ८ | ६ | १ | ४ | ९ | ५ | ३ |
| १ | ६ | ९ | ५ | ८ | ३ | ४ | ७ | २ |
| ४ | ३ | ५ | २ | ७ | ९ | ६ | ८ | १ |

# DPRK and the Pyongyang General Hospital

In the Democratic People's Republic of Korea now, a modern general hospital is under construction.

This general hospital, situated in Pyongyang, the capital of the country, is planned to be completed greeting October 10, 2020, the 75th anniversary of the Workers' Party of Korea.

For the country, this project is not merely aimed at building another hospital.

The country intends to turn this project into a springboard for making a great leap in the public health service of the country. In recent years, modern ophthalmic, dental and other specialist hospitals, as well as a children's hospital, have been built in Pyongyang.

However, Chairman Kim Jong Un of the State Affairs Commission said that these successes were merely like grains of sand on a mountain when compared to the lofty ideals and ambitions of the Workers' Party of Korea. He stressed: With the mindset that we are starting everything from scratch, we should take the first step in building our public health service into one that is people-oriented and advanced.

The WPK and the government of the country had officials from various sectors visit some of the most advanced hospitals in the world before starting the project. On the basis of it, the WPK is going to build the hospital as a central base for making a leap in the health service sector of the country.

Its site is symbolic.Itis being built on the bank of the Taedong. On the other side of the river is Mansu Hill on which the statues of President Kim Il Sung (1912-1994) and Chairman Kim Jong Il (1942-2011), the eternal leaders of the Korean people, stand.Symmetricallyacross the river stands the Monument to Party Founding, symbolizing the founding and development of the WPK that has defended and ensured the dignity and happiness of the Korean people. As a result, the hospital lies on the straight line between Mansu Hill and the Monument to Party Founding. This denotes that to build a world-class general hospital for the people is the ideal of the preceding leaders of the DPRK, as well as the will of the WPK.

The WPK and the government intend to ensure that, in building the general hospital, the spirit of making selfless, devoted efforts for the people permeates the ongoing frontal offensive to achieve a breakthrough and also expect the successes achieved in the course of building the hospital to be rapidly propagated to all sectors of socialist construction.

The Fifth Session of the Seventh Central Committee of the WPK held inDecember last year set forth the line of overcoming all the difficulties lying on the road of advance by the frontal offensive. Now the DPRK is faced with the harshest-ever challenges by the hostile forces, who have blocked foreign trade by the DPRK, and are forcing other countries not to conduct trade with the DPRK. Their aim is to destroy the economy of the DPRK, deteriorate its people's living and, finally, to pull down its




socialism.

The DPRK is giving priority to building the general hospital while putting off the construction projects planned this year, so as to make the principle of serving the people permeate economic and cultural construction.

The intention of the WPK to complete the project by its 75th founding anniversary can also be viewed from a similar point of view. The construction period is less than 200 days (ground-breaking ceremony was held on March 17), and the conditions are not so favourable. However, it is the WPK's will to complete the project without fail by launching an offensive, 24-7 struggle and lightning campaign.

The WPK and government expect that, when an unprecedented miracle is created in the construction of the general hospital, the successes will inspire all the people, bringing about innovations in other sectors.

# चुरे दोहन रोक्नु अहिलेको आवश्यकता



**नदी नियन्त्रण, बाढी रोकथामका नाममा संघ, प्रदेश तथा स्थानीय तहले कमाई खाने गरेको पाइन्छ । बाढी आउने बित्तिकै नेताहरूको दौड शुरू हुन्छ । कोही हेलिकप्टर त कोही गाडी त कोही के के साधन प्रयोग गरेर बाढी प्रभावित क्षेत्रमा पुग्ने गरेका छन् । राहत दिएको फोटो खिचाएर प्रचार गर्ने चलन पनि शुरू भइसकेको छ ।**

– डा.राजेश अहिराज

नदी अतिक्रमण, जंगल फडानी, चुरे विनाश, गलत ठाउँमा तटबन्ध निर्माण जस्ता कामले मधेशमा बाढीलाई वर्षेनी उग्र बनाउँदै लगेको छ । बाढीको वेगलाई कसरी धिमा बनाउने, कस्ता छेकबार लगाउने? चासो-चिन्ता यसमा केन्द्रित हुनुपर्छ । तर प्रदेश २ सरकारले अहिलेसम्म यस विषयमा चिन्तन गरेको छैन । यस्तै स्थानीय सरकारहरूले पनि बाढी प्रतिरोधात्मक दिगो शक्ति आर्जनलाई आ-आफ्ना कार्यसूची बनाउन सकेको छैन ।

मधेशका प्रत्येक जिल्लाहरूमा प्राकृतिक प्रकोप व्यवस्थापन समिति छ, तर त्यहाँ आवश्यक तयारी र समन्वय छैन । अब तीन तहको सरकारको परिकल्पना कार्यान्वयनको चरणमा बाढीलगायतका विपत्बारे सबै तहले कार्यभार लिनु परेको छ ।

बाढीको बिगारमा स्वयम् बाढीपीडित पनि जिम्मेवार छन् । नदीको बहाव क्षेत्रमा बसोबास गर्ने, बस्तीको लागि अनुपयुक्त क्षेत्रमा प्लटिङ्ग गरिएका जग्गा किनेर घर ठड्याउने, नदी, पोखरी, इनार मास्ने जस्ता कारणले पनि बाढीको जोखिम बढाएको छ । अब त्यस्ता जोखिम क्षेत्र पहिचान गरेर बस्तीको लागि निषेध गरिनुपर्छ । चुरे विनाशले बाढीलाई विनाशकारी बनाएकोमा शंका छैन । अब चुरेदेखि दशगजासम्मका बासिन्दा चुरे संरक्षणमा जुट्नुपर्छ । स्थानीय सरकारहरूले ठेकेदार, कर्मचारीतन्त्र र राजनीतिकर्मीबीचको भ्रष्टाचारी सिन्डिकेट सिध्याउन आफ्ना मतदाताहरूको सहयोग लिनुपर्छ ।

बाढीसँग जोरी खोज्न सकिंदैन, त्यसलाई चिनेर त्यसैसँग बाँच्न सिक्नुपर्छ । बाढीलाई विनाश होइन, वरदानमा कसरी बदल्ने? त्यो रणनीति आवश्यक छ अब। हाम्रा गाउँशहरको बसोबास, घर र विकासका संरचनाहरू बाढीलाई छेक्ने होइन निकास दिने खालको बनाउनुपर्छ ।

बाढीलाई त्रासदीको रूपमा प्रचार गरेर राजनीति वा कमाउने धन्दा मात्र नगरेर यो आवधिक मनसुनी पानीको व्यवस्थापन, सदुपयोग र जीवन निर्वाहका तौरतरिकामा बदलाव ल्याउन सकियो भने बाढी स्वतः वरदान बन्न सक्छ ।

नेपालको सम्पूर्ण भूभागको १७ प्रतिशत भाग मधेशले ओगटेकोछ । हरेक वर्ष वर्षात्को समयमा बाढीपहिरो र डुबानबाट सरदर २०० जनाको मृत्यु र २ अर्ब बराबरको धनमालको नोक्सान हुने गरेको एक आँकडाले देखाएको छ । तर पनि यसको रोकथाम र नियन्त्रणका लागि प्रभावकारी कार्ययोजना, समस्याको पहिचान र न्यूनीकरणका बारेमा खासै उपलब्धीमूलक काम भएको देखिँदैन ।

वर्षभरि हुनेमध्ये ८० प्रतिशत वर्षा यही ३ महिनाभित्र हुने भएकाले यति बेला मधेशमा बाढीको जोखिम उच्च । यसरी वर्षेपिच्छे दोहोरिने मानवीय र भौतिक क्षति न्यूनीकरण गर्न सरकारले ल्याएको कार्ययोजना, यसको रोकथाम र नियन्त्रणका लागि प्रभावकारी बन्न सकेका छैनन ।

अविरल वर्षाका कारण उत्पन्न हुने प्राकृतिक विपत्लाई रोक्न सर्वप्रथम स्थानीय सरकारसँग अधिकतम साधन स्रोत हुन जरुरी छ । त्यही निकायमार्फत् नै जोखिम न्यूनीकरण एवं परिचालन गर्न सकेमा मात्र बाढी र पहिरोबाट हुने उच्च प्राकृतिक संकटबाट नेपाली जनताको जीउधनको सुरक्षा गर्न सकिन्छ ।

हरेक वर्ष बाढीपहिरो आउँदा चाहे सत्ता पक्ष होस् वा प्रतिपक्ष नै किन नहोस् दुवैले जनतासमक्ष यसको रोकथामका लागि प्रतिबद्धता जाहेर गर्ने गर्छन् । त्यसैले अब वर्षा सुरु भइसक्यो, यसबाट हुने हानी, नोक्सानी र क्षति कम गर्न हरेक नेतृत्वले गरेको प्रतिबद्धता कार्यान्वयन गर्नु नै पर्दछ ।

मधेशमा बाढी आउनुको मुख्य कारण चुरे विनाश नै हो । चुरे विनाशका कारण जमिन कमजोर हुन्छ र त्यसले थोरै पानी परे पनि माटो-बालुवा बगाउँदै तराई मधेशमा लगेर थुपार्छ ।

अर्को समस्या, जथाभावी रुपमा नदी उत्खनन् पनि हो । गिट्टी बालुवाका लागि नदीमा जथाभावी उत्खनन् गरेका कारण नदीको बहाव अनियन्त्रित हुने गरेको विज्ञहरू बताउँछन् । त्यसले गर्दा नदीले आफ्नो बाटो परिवर्तन गरी जथाभावी कटान गर्ने गरेको पाइन्छ ।

विभिन्न सहायक नदीहरू अहिले पुरिँदै गइरहेको छ । मान्छेले नदी किनारहरू अतिक्रमण गर्दै नदीसमेत पुर्न थालेपछि नदीबाट बग्ने पानी बस्तीतिर पुग्न थालेको छ । गाउँबस्तीमा रहेका अधिकाँश साना खोला पुरिएका छन् । त्यसमा ठाउँमा कतै खेत बनाइएको छ, कतै बस्ती । त्यसैले पनि त्यस्ता स्थानमा बाढी तथा डुबानको समस्या बढ्ने गरेको पाइन्छ ।

यसपाली नदी नियन्त्रणका लागि ६ अर्ब २० करोड रुपियाँ छुट्याइएको छ । यो बजेट संघीय सरकारको मात्र हो । प्रदेश र स्थानीय सरकारको बजेट छुट्टा छुट्टै हुन्छ । बर्सेनि यही हाराहारीमा बजेट विनियोजन हुँदै आए पनि अहिलेसम्म कुनै पनि नदी नियन्त्रणमा छैन । यो नदीले बस्ती तथा खेतबारीलाई अब क्षति गर्ने छैन भन्ने गरी कतै पनि भरपर्दो संरचना बनाउन सकिएको छैन ।

ठोस काम नगर्ने, बर्सेनि एउटै काम, एउटै क्षेत्रमा गर्नका लागि बजेट छुट्याइरहने र कर्मचारीदेखि नेतासम्म मिलेर कमिशन लिने प्रवृत्ति देखिएको छ । नदी नियन्त्रण, बाढी रोकथामका नाममा संघ, प्रदेश तथा स्थानीय तहले कमाई खाने गरेको पाइन्छ । बाढी आउने बित्तिकै नेताहरूको दौड शुरु हुन्छ । कोही हेलिकप्टर त कोही गाडी त कोही के के साधन प्रयोग गरेर बाढी प्रभावित क्षेत्रमा पुग्ने गरेका छन् । राहत दिएको फोटो खिचाएर प्रचार गर्ने चलन पनि शुरु भइसकेको छ ।

उद्धार र राहतको नाममा स्थानीय तह तथा प्रदेशले करोडौं रुपियाँ खर्च गर्छन् । त्यो कसले पाउँछ, कसरी पाउँछ, त्यसको लेखा जोखा कसैसँग हुँदैन ।

प्राकृतिक प्रकोप वर्षेपिच्छे आउने गर्छ । यो विषयमा प्रदेश र केन्द्र सरकारले हेक्का नराख्नु, पूर्व तयारी नगर्नु, संकटपछिको विपतलाई प्रभावकारी व्यवस्थापन नगर्नु नै ठूलो समस्या हो ।

समथल भू-भाग भएको मधेशमा केही दिनको वर्षाले नै डुबानको समस्या सिर्जना गरेको छ, यसको दीर्घकालीन समाधान के हो भन्ने कुरातर्फ सजगता नपनाउनु गम्भीर भूल हो । वनजंगल विनाश, चुरेको दोहन, जलवायूमा परिवर्तन बाढीको मुख्य कारण हो । चुरेको दोहन रोक्नु अहिलेको प्रमुख आवश्यक्ता हो । नदी नियन्त्रण, वृक्षरोपण, जग्गा प्लटिङमा कडाई, बसाई-सराईंमा नियन्त्रण, ढलको उचित व्यवस्थापन गर्न सकेमा बाढीबाट केही हदसम्म जोगिन सकिन्छ ।

सीप सिकौं, पुनः निर्माणमा योगदान गरौं । राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको समन्वयमा विभिन्न संघरसंस्थाले गाउँगाउँमा डकर्मी, सिकर्मी तालिम दिइरहेका छन् । यस्ता तालिममा सहभागी भई सीप सिकौं, पुनःनिर्माणमा योगदान गरौं । जीविकोपार्जनमा टेवा पुर्‍यायौं

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

नेपालको संविधान तथा फौजदारी अपराध (संहिता) ऐनलगायत विद्यमान कानुनहरूले व्यक्ति, समुदाय, राज्य, लिंग, जाति, भाषा, धर्म क्षेत्रको भावनामा आघात पुर्‍याउने गरी कुनै पनि प्रकारको भाषा, साहित्य, लेख, रचना, गीत, चलचित्र, भिडियो निर्माण प्रकाशन तथा प्रसारण गर्नुलाई फौजदारी कसुर ठहने हुँदा जान अन्जानमा त्यस्ता कसुर नगरौं नगराऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## ट्राफिकमा...

मासिक दस्तुर उठाउने गरेको पनि आरोप छ । हाकिमहरूलाई सलामी दस्तुर बुझाउनुपर्ने भनी यौनजोडी मोटरसाइकलसँग रु. तीन हजार र निजी कार ट्याक्सीसँग रु. पाँच हजारसम्म ट्राफिक प्रहरीहरूको उठौतीलाई गुपचुप राख्ने गरेको सम्बन्धमा हालसम्म छानबिन र कारबाही भएको देखिँदैन । यौन व्यवसाय केन्द्र सञ्चालकहरू होटल लज रिसोर्ट आदिबाट पनि दैनिक उठौती गर्ने र यौन व्यवसायमा प्रयोग सवारी साधनहरूलाई छुट दिने काम भक्तपुर ट्राफिक प्रहरीबाट हुँदै आएको सम्बन्धमा स्थानीय मजदुर किसान पार्टीका कार्यकर्ता असन्तोष व्यक्त गर्छन् । पुरस्कार इनाम कमिसन र विभिन्न सेवा सुविधा पाउने ट्राफिक प्रहरीका भ्रष्ट काम कारबाहीले नेपालमा यातायातका साधनहरू विभिन्न अपराधहरूमा प्रयोग हुँदै आएको पनि बताइएको छ । यसैगरी अहिले ५० प्रतिशत भाडा वृद्धि गरेर सवारी चलाउँदा तोकिएको मापदण्ड विपरीत यात्रु राख्ने सवारी साधनलाई ठाउँठाउँ बसेका ट्राफिकले निगरानी गर्न सकेको छैन ।

## कोरोनाबाट...

जिप्रका काठमाडौंले महानगरबासीहरूलाई कार्यालयबाट सेवा लिन क्षेत्र र बार छुट्याएको छ । जसअनुसार काठमाडौं महानगरबासीले कार्यालयबाट नागरिकता प्रमाणपत्रलगायत सेवा लिन आइतबार कार्यालय आउनुपर्नेछ । त्यस्तै कीर्तिपुर, नागार्जुन र चन्द्रागिरी नगरपालिकाका सेवाग्राहीले कार्यालयबाट सेवा लिन सोमबार कार्यालय आउनुपर्नेछ । मंगलबार फेरि काठमाडौं महानगरबासीले र बुधबार बुढानिलकण्ठ, टोखा, कागेश्वरी मनोहरा नगरपालिकाले र बिहीबार पुनः काठमाडौं महानगरबासीले र शुक्रबार गोकर्णेश्वर, दक्षिणकाली, शंखरापुर र तारकेश्वर नगरपालिकाका सेवाग्राहीले सेवा पाउने नियम जिप्रका काठमाडौंले बनाएको छ । शान्ति सुरक्षा र कानुनबमोजिम हुने मुद्दाका लागि भने शनिबारबाहेक कार्यालय खुल्नेछ ।

## भारत कालापानी...

प्रथम प्रधानमन्त्री नेहरूले भूमिका लेखिदिएको भारतीय स्वामी प्रणावनन्द महाराजको संस्करणात्मक पुस्तक ्रुमा भर्खरै सशस्त्र प्रहरीको युनिट तैनाथ गरिएको छ । तर यो सरकारले गरेको नयाँ काम होइन । भारतका प्रथम प्रधानमन्त्री नेहरूले भूमिका लेखिदिएको भारतीय स्वामी प्रणावनन्द महाराजको संस्करणात्मक पुस्तक 'हिन्दी अफ कैलाश मानसरोवर' मा सन् १९३० र '४० को दशककै छाङरुमा नेपाली सुरक्षाकर्मी देखेको लेखेका छन् । उनी पटक पटक छाङरु हुँदै टिंकर भन्ज्याङ नाघेर तिब्बत पुगेका थिए र फर्किंदा लिपुलेकबाट कालापानी हुँदै झरेका थिए । १९५० को दशकमा भारतले महाकालीवारिको त्यही कालापानी क्षेत्र अतिक्रमण गरेर इन्डो टिबोटियन बोर्डर पुलिस अर्धसैन्य बल तैनाथ गरेको छ । अहिले भारतीय सेनाको बोर्डर रोड अर्गनाइजेसन -बीआरओ) ले कैलाश मानसरोवर जाने दार्चुलाको त्यही पुरानो रुटलाई मोटरमार्गमा परिणत गरेको छ ।

सन् १९५० मा तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले भारतलाई नेपालको उत्तरी सिमानामा १७ वटा सैन्य पोस्ट राख्न अनुमति दिएका थिए । २०२६ सालमा प्रधानमन्त्री किर्तिनिधि बिष्टको पालामा नेपालले भारतीय चेकपोस्ट हटाउनुपर्ने अडान राख्यो । त्यसपछि भारतले १७ मध्ये १६ वटा चेकपोस्ट हटायो । तर दार्चुलाको टिंकरमा राखिएको चेकपोस्ट भने कालापानीमा सार्दै सैन्य उपस्थिति कायम गर्दै आएको छ । सन् १९६२ मा भारत र चीनबीच युद्ध हुँदा भारतीय फौज गुन्जीदेखि कालापानी हुँदै नाबीसम्म जान्थे । पछि त्यही क्याम्प खडा गरेर बसे । भारत र चीनले सन् १९५४ मा भारतीय तीर्थयात्री लिपुलेक हुँदै मानसरोवर प्रवेश गर्नेबारे समझदारी गर्दा नेपाल प्रतिक्रियाविहीन बसेकैले लिपेकमा कब्जा जमाउन भारतले पछिल्लो समय चीनको साथ लिएको बुझ्न सकिन्छ । सन् १९९९ मा भारतीय विदेशमन्त्री जसवन्त सिंहको चीन भ्रमण, सन् २००५ मा चिनियाँ प्रधानमन्त्री बेनजियाओको भारत भ्रमण, सन् २०१४ मा चिनियाँ राष्ट्रपति सि जिन पिङको भारत भ्रमणका क्रममा लिपुलेकमा व्यापारिक नाका खोल्नेबारे छलफल भएको थियो । सन् २०१५ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी चीन भ्रमणका बेला लिपुलेक भन्ज्याङलाई व्यापारिक मार्ग बनाउने भनी सम्झौता भएको थियो । नेपालको भूमिलाई नेपाललाई थाहै नदिई आफ्नो स्वार्थमा प्रयोग गर्ने चीन र भारतको निर्णयको नेपालले विरोध गरेको थियो । लिपुलेक सहमतिबारे चीनको आधिकारिक धारणा अहिलेसम्म प्रस्ट भएको छैन ।

भारतले कालापानी अतिक्रमण गर्नुको मुख्य उद्देश्य त्यो सैन्य महत्वको इलाका भएकाले हो । कालापानी ब्यारेकबाट उत्तरतर्फ चिनियाँ सीमा भन्ज्याङतिर हुने गतिविधि नियाल्समेत सजिलो हुन्छ । भारतको राजधानी दिल्लीबाट सबभन्दा नजिकको सीमा नाका पनि यही हो । यहाँबाट तिब्बतमा चिनियाँ सैनिक के गर्दैछन् त्यो देख्न सकिन्छ भनिन्छ । १९६२ को युद्धमा चीनसँग पराजित भएदेखि नै कालापानी क्षेत्रमा भारतले आफ्नो सैन्य मजबुत बनाउँदै लगेको छ ।

भारतले यो क्षेत्र नछोड्नुले यो ठाउँको उच्च सामरिक महत्व दर्शाउँछ । १२ महिनै बस्न सकिने हेलिप्याड सहितको स्थायी सैन्य संरचना रहेको कालापानीमा भारतको मुख्य स्वार्थ सैनिक मामिलासँग जोडिएको छ । कालापनीसँग सम्बन्धित दोस्रो मामिला धार्मिक विषय पनि जोडिन्छ । कैलाश जाने पुरानो रुट १९६२ को युद्ध पछि बन्द भएको थियो । १९९० को दशकदेखि भारत चीन सम्बन्धमा सुधार आयो यो रुष्ट पुन ब्युँतियो । अहिले यसलाई भारतले व्यवस्थित मोटर मार्गमा परिणत गर्न खोजिरहेको छ । धार्मिक पर्यटन विस्तार हिन्दुवादी मोदी सरकारको प्राथमिकतामा पर्ने नै भयो । उत्तर भारतबाट मानसरोवर जाने सबभन्दा छोटो रुट यही हो । यो रुट चल्तीमा आएपछि नेपालगन्ज हुम्ला काठमाडौं केरुङ भएर कैलाश जाने नेपाली रुट पनि प्रभावित हुनेछन् ।

अर्को पक्ष पानीसँग जोडिएको छ । महाकाली नदीलाई आफ्नो नियन्त्रणमा लिने । महाकाली सन्धि गर्दा यसको मुहानबारे नखुलाइनुले भारत लिम्पियाधुरा कब्जा गरेर महाकालीको पानी दोहन गर्न खोजिरहेको छ । कालापानी क्षेत्र आर्थिक व्यापारिक र भूराजनीतिक स्वार्थसँग पनि गाँसिएको छ । चीन भारतसँग व्यापार विस्तार गर्न खोजिरहेको छ । चीनको यो चाहनालाई बुझेर भारतले आफूद्वारा अतिक्रमित भूभाग लिपुलेकलाई मान्यता दिलाउन अवसरका रुपमा लिइरहेको छ । लिपुलेकलाई द्विपक्षीय व्यापारिक मार्ग बनाउने सहमति यही पृष्ठभूमिमा आएको हो । लिपुलेकलाई भारतसँगको सीमा बिन्दु मान्ने प्रोटोकलमा चिनियाँ पक्षले हस्ताक्षर गरिसकेको अवस्था छ । नेपालले प्रधानमन्त्री स्तरबाटै कूटनीतिक वार्ता गरी कालापानी समस्या सुल्झाउन ढिलाइ गरिनु हुन्न ।

## जनता...

पुरिँदा दुई जनाको मृत्यु भएको छ । सुदूरपश्चिममा बाढीपहिरोमा परी चार जना बेपत्ता भएका छन् । कैलालीमा ६ हजार २३ परिवार डुबानमा परेको समाचार विभिन्न सञ्चारमाध्यमहरूमा प्रसारित भएको छ । कैलालीमा दुई हजार परिवार विस्थापित भएको तथ्यांक जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराएको छ । विभिन्न ठाउँका सानातिना खोलामा बाढी आएर जनताको घर,खेत डुबानमा परेका छन् । बाढीबाट अर्बौंको क्षति पुगेको छ भने अपूरणीय मानवीय क्षति समेत भएको छ ।

भारतले नेपालको दक्षिणी सीमावर्ती भूभागमा आफूखुसी अन्तर्राष्ट्रिय कानुन विपरीत बाँधेका बाँध र निर्माण गरिरहेका सडकका कारण ठूलो परिमाणमा नेपाली भूभाग डुबानमा पर्ने गरेको छ । डुबानको समस्या प्रत्येक वर्ष दोहोरिने गरे तापनि समस्या समाधानमा सरकारले ठोस कदम चाल्न सकेको छैन । पहाडी भूभागमा गएको पहिरोको कारक तत्व जथाभावी खनिएका ग्रामीण क्षेत्रबा बाटाघाटा हुन पुगेका छन् । बिना सर्वे र इन्जिनियरिङ डिजाइनबिनै डोजर प्रयोग गरेर खनिएका कच्ची बाटोले पहिरो निम्त्याएको छ । सरकारले गाउँघरमा जथाभावी खनिने बाटोमाथि अविलम्ब रोक नलगाए आगामी दिन झनै भयावह र कठिन हुँदै जाने निश्चित छ ।

## विवाद अब...

१ सय ११ जना केन्द्रीय सदस्य आवश्यक पर्छ । केन्द्रीय कमिटीको बैठकको केन्द्रीय सदस्यहरू दाहाल, नेपाल समूहका छन् । केन्द्रीय कमिटीमा दाहाल-नेपाल समूहको बहुमत छ । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) लाई एकताबद्ध झनै सुदृढ बनाएर लैजानुपर्ने वर्तमान परिस्थितिमा पार्टीभित्रको विवादले हामी केन्द्रीय सदस्यहरूलाई चिन्तित बनाएको छ । हाल देखिएका सबै विवाद र समस्याको समाधान पार्टी बैठकमा गहन छलफल गरी विधि पद्धतिबमोजिम समाधान गरिनुपर्छ भन्ने हाम्रो ठहर छ । अध्यक्षद्वयलाई सम्बोधन गर्दै पार्टी कार्यालयमा दर्ता गरिएको पत्रमा लेखिएको छ- 'यसर्थ पार्टी विधानको धारा ५९ (क) ४ बमोजिम यथाशीघ्र केन्द्रीय कमिटी बैठक बोलाइयोस् ।' सचिवालय र स्थायी समिति बैठकबाट आन्तरिक कलह नहट्ने बुझेपछि दाहाल-नेपाल समूह केन्द्रीय कमिटी बैठकको मागमा देखिएका छन् । सचिवालयमै अल्पमतमा परेका अध्यक्ष एवं प्रम ओली वामदेव गौतमको ६ बुँदे प्रस्ताव आएपछि आफू बहुमतमा रहेको निष्कर्षका साथ सचिवालय बैठकबाटै विवाद समाधानको खोजीमा देखिएका छन् ।

दाहाल-नेपाल समूहमा रहेका उपाध्यक्ष वामदेव गौतम एक्कासी ओलीतर्फ युटर्न भएपछि यो समूह छक्क परेको छ । पार्टी अध्यक्ष र प्रधानमन्त्री दुवै पदबाट ओलीले राजीनामा दिनुपर्ने अडान दोहोऱ्याउँदै आएका गौतमले ६ बुँदे प्रस्ताव ल्याउँदै ओलीलाई पाँचै वर्ष सरकारको नेतृत्व गर्न दिइनुपर्ने जिकिर गरेका छन् । गौतमबाट आफूलाई राहत

# चुनौतीपूर्ण बन्दै विपद् व्यवस्थापन

• गणेश पराजुली



नेपाल प्राकृतिक प्रकोपका दृष्टिले विश्वमै उच्च जोखिमयुक्त देश हो । यहाँ वर्षेनीबाढी, पहिरो, डुबान, चट्याङ, शीतलहर जस्ता प्रकोपहरूकाघटनामा परीठूलो जनधनको क्षति हुने गरेको छ ।वर्षेनी हुने यस्ता विपत्ति न्यूनिकरण गर्न ठोस कार्ययोजना नहुनु,विपद्पूर्वको पूर्वतयारीलाई महत्व नदिनु, स्थानिय सरकारहरूसँग समन्वय गरी विपत सामना गर्ने सरकारी संयन्त्र तयारी अवस्थामा नरहनुकै कारण यस्ता घटनाहरू प्रत्येक वर्ष वढ्दो अवस्थामा रहेको छ ।

वन विनास, जोखिम नजरअन्दाज गरी नदी किनारमा वसाईएका बस्तीहरू, खासगरी पहाडी क्षेत्रमा वातावरणीय अध्ययन बिना निमार्णगरिएका पूर्वाधार तथा सडकहरू, सीमा क्षेत्रमा निर्माण गरिएका बाँधहरू, विष्फोटको जोखिममा रहेका हिमतालहरूका साथै प्राकृतिक श्रोतहरूको वाडँफाडमा भारतसँग भएका असमान सन्धी सम्झौताहरूको कारण कारण नेपालमा प्रकोपका घटनाहरू बढ्दै गएको हो ।

धरातलिय विविधताका कारण नेपालका सवै क्षेत्रहरूमा एकै प्रकारका प्रकोपका घटनाहरू छैनन् । नेपालको हिमाली र पहाडी क्षेत्र पहिरोको समस्यावाट ग्रसित छ भने तराई क्षेत्र बाढी, डुबान शीतलहरको कारणले ठूलो मारमा छ । यस्तै ठूला प्रकृतिका भूकम्पहरू केही वर्षको अन्तरालमा नेपालमा जाने गरेकोले जोखिम वढ्दो अवस्थामा छ । मनसुनकाल तथा मनसुनपूर्वपनि चट्याङबाट यहा ठूलो जनधनको क्षति हुने गरेको छ ।मूलत मानविय त्रृटिका कारण आगलागीका घटनाहरू त्यत्तिकै छन् ।

नेपालमा अहिले मनसुन सक्रिय छ । बाढी र पहिरोले मानिसहरू त्राषदिपूर्ण अवस्थामा छन् । विगतका वर्षहरूमा भन्दा यो वर्ष अझ धेरै वर्षा हुने मौसमविद्हरूको पूर्वानुमान सँगसगै यो त्राषदी अझ बढेको छ । भूकम्पले धाँजा बनाएको पहाड, लगातार धेरै वर्षात् र अवैज्ञानिक तवरमा हुने विकास निर्माणले बाढी पहिरोका घटनालाई बढाउन सहयोग पुऱ्याएको छ । यस वर्षको मनसुन शुरु भएयता असार ३० सम्ममा बाढी र पहिरोमा परी ८५ जनाको मृत्यु हुनका साथै ४६ जना बेपत्ता भएका र १३४ घर पूर्णक्षति भएको गृह मन्त्रालयको तथ्यांक छ ।

विसं २०७२ को भूकम्पबाट अतिप्रभावित सिन्धुपाल्चोक, गोरखा र रसुवालगायतका जिल्ला नै बाढी पहिरोबाट अति जोखिम क्षेत्रका रुपमा रहेका छन् । वाढीवाट प्रदेश नं २ का जिल्लामध्ये रौतहट बढी प्रभावित पाइएको छ ।बाढी पहिरोबाट १४ जिल्लाका ११ हजार घर उच्च जोखिमा रहेकामा ७०७ घर भने तत्काल स्थानान्तरण गर्नुपर्ने अवस्थामा छ । यस्ता घटनाक्रम हरेक वर्ष दोहोरिदा पनि त्यसको न्यूनिकरणका लागि कुनै निकायवाट ठोस पहल हुनसकेको छैन ।

हाम्रो सन्दर्भमा वनविनाश, चुरेको दोहन र जलवायु परिवर्तन नै बाढीको मुख्य कारण हो । वाढी पूर्वानुमानलाई तथ्य एवं यथार्थपरक वनाई आमजनतामा त्यसको बारेमा समयमै पूर्वसूचना प्रवाह गर्न सकेको खण्डमा मात्र पनि ठूलो जनधनको क्षति हुन वाट जोगाउन सकिन्छ । यसका लागि जल तथा मौसम विज्ञान विभाग अन्र्तगत रहेको वाढी पूर्वानुमान महाशाखालाई थप शसक्त तुल्याई जवाफदेही र जिम्मेवार वनाउनु पर्दछ । यसै गरी चुरेको क्षेत्रको संरक्षणका लागि गठित राष्ट्रपति चुरे संरक्षण कार्यक्रमा देखिएको राजनैतिक हस्तक्षेप अन्त्य गरी त्यस क्षेत्रमा भईरहेको अवैध वनफडानी तथा गिटी वालुवा दोहन रोक्नु पर्दछ । नदी नियन्त्रण, नेपाल-भारत सीमानामा बनाईएका बाँधहरूको व्यवस्थापन, वृक्षरोपण, ढलको उचित व्यवस्थापन गर्न सक्ने हो भने बाढीबाट हुने क्षतिलाई केहि मात्रामा भएपनि कम गराउन सकिन्छ ।

बाढीपहिरोले जनधनको ठूलो क्षति गरिरहेकै बेला विज्ञहरूले हिमताल विष्फोटको जोखिम प्रति यतिवेला सचेत गराएका छन् । भूगर्भविद्हरूका अनुसार नेपालको कुल भूभागको ८३ प्रतिशत हिमाली र पहाडी क्षेत्र हिमपहिरो तथा हिमताल विस्फोटको जोखीममा छन् । अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का अनुसार मार्चदेखि सेप्टेम्बरसम्म हिउँ बढी पग्लने, हिमताल र नदीहरूमा धेरै पानी हुने भएकाले हिमताल फुट्ने सम्भावना बढी हुन्छ । हिमताल विस्फोटले गर्ने असर भनेको तल्लो तटीय क्षेत्र नै हो । वर्षाको पानीमा हिमताल फुटेर आएको बाढी थपिन जाँदा निकै ठूलो धनजनको क्षति हुने गरेको छ ।

इसीमोड र युएनडिपीले खतरा हुनसक्ने जोखिमयुक्त मानेका ४७ हिमतालमध्ये ४२ वटा कोशी, ३ वटा गण्डकी र २ वटा कर्णाली जलाधार क्षेत्रमा छन् । तीमध्ये कुनै हिमताल फुटे सम्बन्धित नदीको तल्लो क्षेत्रमा रहेका जलविद्युत आयोजना, सडक, पुल, वस्तीहरू विनाश भई ठूलो धनजनको क्षति हुनजान्छ । एकाध वाहेकहिमतालहरूको जोखिम अध्ययन र सूचना प्रणाली जडानमा सरकारले ध्यान दिएको छैन जो दूर्भाग्यपूर्ण छ ।

वास्तवमा विपद्को दोष प्रकृतिलाई दिन मिल्दैन, मानिस आफैले सिर्जना गरेको समस्या हो यो । अध्ययनहरूले नेपाल बाढीबाट बढी क्षति पुग्ने देशहरू मध्ये विश्वमा तीसौं स्थानमा रहेको देखाएका छन् । त्यस्तै वाढी पहिरो मृत्युदर जोखिम सूचकमा नेपाल विश्वका १० राष्ट्रमध्ये एक र दक्षिण एशियामा सबैभन्दा उच्च जोखिम भएको मुलुकमा पर्दछ ।

नेपाल भुकम्पिय कोणवाट पनि जोखिमयूक्त देश हो । भूकम्पवाट बढी क्षति पुग्ने देशहरू मध्ये विश्वमा एघारौं स्थानमा नेपाल रहेको छ । विगत ८०० वर्षको इतिहासमा यहा ५० वटा ठूला भुकम्प गएको तथ्यांक छ । भूकम्पबाट मुख्य बच्ने उपाय भनेकै जानुभन्दा अगाडि गनुपर्ने पूर्वतयारी हो । भूकम्पले नभई हाम्रा कमजोर संरचनाले जनधनको क्षति गर्ने गर्ने भएकाले घर लगायत मानवनिर्मित संरचना भूकम्पप्रतिरोधी तथा बलियो बनाउन अत्यावश्यक छ । यसका लागि जनचेतना अभिवृद्धि गर्नु आवश्यक छ ।

अध्ययनहरूले बङ्गालको खाडी नजिकका नेपालका भू-भागहरू झापा र मोरङ्गमा बढी चट्याङ पर्ने देखाएको भएता पनि मानविय क्षतिका हिसावले चुरे क्षेत्र अग्रस्थानमा रहेको छ । चट्याङको सबैभन्दा बढी असर मकवानपुर जिल्लामा देखिएको छ । मान्छेमाथि सोझै चट्याङ पर्दा शरीरमा त्यसको विद्युत प्रवाह भएर ज्यान जाने र छेउछाउमा परेमा चट्याङको आवाजले कानको जाली फुट्ने र घाइते हुने विज्ञहरू बताउँछन् । अध्ययनहरूले गर्मी र जाडो दुवैयाममा चट्याङ पर्ने भएतापनि तुलनात्मक रूपमा गर्मीयाममा चट्याङ बढी पर्ने र यसको प्रभाव बढी हुने देखाएका छन् । वैज्ञानिकहरूका अनुसार चट्याङ पर्दाका वखत १० हजार एम्पिएर भन्दा बढी मात्रामा करेन्ट उत्पत्ति हुने र त्यो पृथ्वीको धरातलतिर केन्द्रित भई प्रवाहित हुनेहुदा त्यसको संसर्गमा आउने मानिस वा अन्य कुनै प्राणी क्षणभरमै मृत्युवरण गर्न पुग्छन् । नेपालमा प्रत्येक वर्ष करिव १०० जना मानिसको हुरीबतास तथा चट्याङबाटज्यानजाने गरेको तथ्यांक छ ।

नेपालमा विशेषगरी दिउँसोको समयमा चट्याङ पर्ने गरेकोले दिउँसो करिव ३ बजेपछि खेतबारीमा नजाने र प्रायजसो जमीन र बादलको दुरी कम भइरहने पहाडी भूभागमा सजग रहनुपर्ने विज्ञहरू वताउदछन् । चट्याङवाट वच्न घरलाई चट्याङ प्रतिरोधी बनाउने तथा यसवाट वच्न अपनाउनुपर्ने सावधानीका वारेमा प्रभावित क्षेत्रहरूमा सचेतना अभियान चलाउनुपर्ने विज्ञहरू वताउदछन् ।

विपद व्यवस्थापन कार्य सरकारको एक्लो प्रयासवाट सम्भव छैन । यसका लागि स्थानीय तह देखि प्रदेश र केन्द्रीय सरकार समेत सवैको एकीकृत प्रयास आवश्यक छ । विपद व्यवस्थापनलाई प्रभावकारी तुल्याउज सरकारले विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,०७४ तथा नियमावली, ०७६ जारी गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा बसेको विपद् न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को बैठकले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्यूनिकरणसम्बन्धी राष्ट्रिय रणनीतिक कार्ययोजना स्वीकृत गरेको धेरै समय वितिसकेको छ ।

वि.सं. २०८७ सम्मका लागि तय यो रणनीतिक कार्ययोजनामा प्राकृतिक प्रकोपवाट हुनसक्ने धनजनको क्षतिलाई न्यूनीकरण गर्ने, सम्भावित जोखिम न्यूनीकरणका लागि जनचेतना जगाउने, सबै मन्त्रालय, निकाय, विपद् व्यवस्थापन समीति सुरक्षा निकायले समन्वय गरी आ-आफ्ना कार्य थप प्रभावकारी बनाउने उल्लेख छ ।

विपद् व्यवस्थापनलाई प्रभावकारी वनाउन हाल केन्द्रमा प्रधानमन्त्रीको संयोजकत्व देखि वडा तहसम्म विपद्सँग सम्बन्धीत विभिन्न संयन्त्रहरू क्रियाशिल छन् । संयन्त्रलाई विपद पूर्व तयारीदेखि विपद्पछिको पनि सबै जिम्मेवारी छ । तर संयन्त्रमा रहने व्याक्तिहरूको क्षमता अभिवृद्धि गर्ने, विपद व्यवस्थापनका लागि आवश्यक सामग्री/उपकरणको व्यवस्था गर्ने, बजेटको व्यवस्था मात्र नभएर उनीहरूलाई कसरी यसको उचित सदुपयोग गरी जवाफदेही र जिम्मेवार वनाउने जस्ता कुराहरूमा ज्ञान र सीपको अभावका कारण समस्या देखिएको छ । प्रकोपपछिको राहत, उद्दार, पुनस्थापना र पुननिर्माणको काम नियन्त्रणभन्दा निकै महङ्गो पर्ने भएकाले सरकारले आफ्नो ध्यानप्रकोप नियन्त्रणमै केन्द्रित गर्नुपर्ने आवश्यक छ ।

निश्चित रुपमा प्राकृतिक प्रकोप बिनाको राष्ट्रको नत परिकल्पना गर्न सकिन्छ नत यसलाई पूर्ण रुपमा रोक्न नै सकिन्छ । चाहे विकसित देशका समृद्ध सहर हुन् वा अविकसित देशका गरिब बस्ती जहाँ पनि जहिले पनि प्राकृतिक प्रकोपका घटनाहरू घट्न सक्छन् । तसर्थ, जहाँ र जे जस्तो अवस्थामा प्रकोप भए पनि त्यसवाट हुने क्षतीलाई न्यूनीकरण गर्न विपद्पूर्व, विपद्काल तथा विपद्पश्चातको तयारीलाई व्यवस्थित गर्नु पर्दछ । यसका लागि केन्द्रीय स्तरको राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्रलाई थप अधिकार सम्पन्न तुल्याई प्रदेश तथा स्थानिय सरकारसँग समन्वय गरी तत्काल उद्धार, राहत एवं पूर्नस्थापनाका गतिविधीहरूमा संलग्न गराई जिम्मेवार र जवाफदेही वनाउन सकियो भने मात्र पनि प्रकोप नियन्त्रणका साथैबिपद्ले निम्त्याउने समस्या न्यूनिकरणमा महत्वपूर्ण सहयोग पुग्न सक्ने देखिन्छ ।

महसुस हुनासाथ प्रम ओली गौतम निवास भैंसेपाटीमा पुगेर डिनर गरेपछि दाहाल-नेपाल समूह क्रुद्ध बनेको छ । उनीहरूले गौतमको प्रस्ताव विवाद हलका लागि भन्दा पनि भाँड्न आएको भन्न भ्याइसकेका छन् । गौतमले भने पार्टी विग्रह रोक्न आफूले ६ बुँदे प्रस्ताव ल्याएको दाबी गरेका छन् । उनले प्रस्ताव अस्वीकार गरिए आफूले कुनै पनि खेमालाई सहयोग नगर्ने बताएका छन् ।

दाहाल-नेपाल समूहले गौतमको प्रस्तावलाई बेवास्ता गरेका छन् भने ओली समूहले स्वागत गरेका छन् । ओली समूहकै ड्राफ्टमा गौंतमले प्रस्ताव ल्याएको दाहाल-नेपाल समूहको बुझाइ छ । गौतमलाई फकाएर आफूतिर ढल्काउन सफल भएपछि ओली सचिवालय बैठकबाटै विवादका विषय टुंग्याउने मुडमा देखिएका छन् । ओलीले गौतमलाई के के उधारो आश्वासन दिएर मनाए भन्ने सुइाको भने दाहाल-नेपाल समूहले पत्ता लगाउन सकेको छैन । केन्द्रीय कमिटी बैठक बोलाउन पनि ओली अनिच्छुक देखिएका छन् ।

नेकपाभित्रको अन्तरकलहले सिंगो राष्ट्रिय राजनीतिलाई प्रभावित गरिरहेको छ । देश यतिबेला कोरोना महामारीको कहरमा छ । भारी वर्षातका कारण सुदूरपश्चिम भूभाग डुबान र पहिरोले आक्रान्त छ । प्राकृतिक विपत्तिले धेरै नागरिकको ध्यान गइसकेको छ भने हजारौं परिवार विस्थापित भएका छन् । भारतीय अवैध बाँधका कारण तराई जलमग्न छ । कालापानी र सुस्ता सीमा विवादका विषय तपसिलमा परेका छन् । औषधि आयातमा भएको अनियमितता समेत ओझेलमा परिरहेको छ । 'इनफ इज इनफ' का अभियन्ताहरू वसन्तपुरमा अनसन बसेको आधा महिना हुन लाग्यो । उनीहरूको जीवन रक्षा गर्नु राज्यको दायित्व हो । सत्ताधारी पार्टीभित्र भाँडभैलो मच्चिएपछि देश त भाँडमा जाने नै भयो ।

## रेडक्रस...

भएको तदर्थ समितिमा उपाध्यक्ष डा.विश्वकमेशर मास्के र शर्मिला कार्की छन् । महामन्त्रीमा पिताम्बर अर्याल र सिताराम कोइरालाले जिम्मेवारी पाएका छन् ।

रेडक्रसले १५ अर्ब ९५ करोड ६ लाख २६ हजार चार सय छब्बिस रुपैयाँ वैदेशिक सहयोग प्राप्त गरेको पाइएको छ । जसमध्ये १५ अर्ब ६१ करोड १८ लाख रुपैयाँ खर्च भएको छ । समाज कल्याण परिषदबाट पनि ७ करोड १५ लाख रुपैयाँ प्राप्त गरेको थियो । रेडक्रसले उक्त रकमहरू पारदर्शी हिसाबले खर्च गरेको छैन । भक्तपुरमा जग्गा खरिद गर्दा ठूलो रकम भ्रष्टाचार गरेको पाइएको छ भने प्रदर्शनी मार्गमा निर्माण भइरहेको ब्लड बैंक भवनमा पनि आर्थिक अनियमितता छ । पदाधिकारीहरूले गाडी खरिद भ्रमण भत्ता तथा अन्य शीर्षकमा ठूलो भ्रष्टाचार गरेका छन् । रेडक्रसका लागि विभिन्न जिल्ला र गाउँहरूमा समेत इमानदारितापूर्वक काम गर्ने सयौं सदस्य र सहयोगी दाताहरू छन् । केन्द्रमा बस्ने पदाधिकारीहरूले गरेको भ्रष्टाचारका कारण तल्लो तहमा बसेर निस्वार्थ सेवा भावले काम गर्ने सदस्यहरूको मन नराम्रोसँग कुँडिएको छ । केन्द्रको भ्रष्ट गिरोहलाई कानुनको कठघरामा उभ्याएर रेडक्रसको गरिमा बचाउनेतर्फ ध्यान दिन आवश्यक छ ।

## थापालाई...

बीपीले फाँसीमा चढ्नु पर्थ्यो । पञ्चायत जोगाउन थापाले २०३६ मा फँडानी गरेको पूर्व पश्चिम चुरेजंगल अझै उजाडजस्तै छ । राजाको निगाहबाट उनी प्रधानमन्त्री नबनाइएका भए सायद धनुकटातिर गुमनाम जीवन बिताउँदै देह त्याग गर्थे ।

हो, उनै सूर्यबहादुर पुत्र सुनिल थापा अहिले नव कांग्रेसी भएका छन् । उनलाई राजनीतिको कखरा बाबु सूर्यबहादुरले नै सिकाएका हुन् । बाबुकै ओजमा उनले धनकुटाबाट एकपटक चुनाव पनि जिते र मन्त्री समेत भए । राष्ट्र संघका जागिरे रहेका थापा मन्त्री भएपछि मात्र थोरै चर्चामा आएका हुन् । बाबुले गठन गरेको राष्ट्रिय प्रजातन्त्र पार्टीलाई कमल थापाहरूको स्वामित्वमा छोड्दै दलबलसहित उनी कांग्रेस छिरेका हुन् । काग्रेस सभापति देउवाले नवप्रवेशी थापालाई एकैपटक सहमहामन्त्री बनाएका छन् । उनको समूहका ७ जना कांग्रेस केन्द्रीय सदस्य बन्दैछन् । थापाको कांग्रेस पलायनले राप्रपालाई ठूलै झट्का अवश्य दिएको हुनुपर्छ । तर कांग्रेसमा भने उनको आगमनले खासै उत्साह जगाएको छैन । बरु देउवाले आगामी महाधिवेशनमा आफ्नो पल्ला भारी बनाउन थापा समूहलाई भित्र्याएको कांग्रेस वृत्तमा चर्चा छ । नेपाली कांग्रेसमा लागेर सिंगो जीवन बिताएका थुप्रै कांग्रेस जन छन् । थापालाई सहमहामन्त्री बनाइनु त्यागी कांग्रेसीहरूको अपमान भएको कांग्रेसभित्र बुझाइ छ । केन्द्रीय सदस्यहरू महाधिवेशनका मतदाता हुने भएकाले देउवाले थापा समूहलाई केन्द्रीय सदस्यमा बनाएको देउवा इतर कांग्रेस खेमाले भनिरहेका छन् । सुनिलको कांग्रेस प्रवेशले देउवा पार्टीभित्र बलिया हुन सक्छन् तर कांग्रेस बलियो हुँदैन भन्ने चर्चा कांग्रेसभित्र छ । धनकुटाबाट सुनिलले आगामी चुनावमा चुनाव जिते कांग्रेसको एक सिट बढ्छ । तर गुम्दै गएको कांग्रेसको साख सुनिल झुण्ड भित्रिँदैमा फर्किँदैन भन्ने टिप्पणी कांग्रेसीहरूले गर्न थालेका छन् ।

## प्राचीन...

शासनहरू कब्जा गर्न प्रयोग गरेको थियो । उक्त कुरा महाराज चन्द्रकान्त आफू समेत विषादी घातक भाइरस बनेको प्रमाण भारतीय फिल्म 'चन्द्रकान्त' सिरियलले पनि केही पुष्टि गर्छ । यसैगरी चीन र जापान युद्धमा शक्तिशाली जापानी सेना विरुद्धमा चिनियाँ युवती तथा महिलाहरूमा मानसिक र शारीरिक रुपमा अशक्त कमजोर पार्ने भाइरसहरू उत्पन्न र विकास गराई यौन पिपासु जापानी सेनाहरू विरुद्ध प्रयोग गरी चीनले शक्तिशाली जापानी सेनासँग युद्ध जितेको इतिहास छ । त्यही जापानी सेनासँग अमेरिकाले युद्ध लड्न असमर्थ भई बचाउन अलेक्जेन्डरले पनि महिलाहरूमा भाइरसहरू उत्पन्न र विकास गरी शत्रुहरूको विरुद्ध परिचालन गरेका थिए । रामायणकालमा रामले महाशक्तिशाली बलीलाई मार्न बलीकी भाइबुहारीमा भाइरस उत्पन्न गराई मैथुन वेश्यागमनपछि बाली मरेको सत्य इतिहासछ । यसैगरी विराट राजाको सालो यौन उन्मादी किचक हत्या गर्न भीमसेन पाँच पाण्डवले द्रौपदीमा भाइरस उत्पन्न गरेका र त्यही भाइरसले कालान्तरमा कुकुर युधिष्ठिरबाहेक द्रौपदीसहित पाँच पाण्डवहरूको मृत्यु भएको सत्य इतिहास पनि शास्त्र लेखनमा लुकाउने छिपाउने काम भएको देखिन्छ ।

अहिलेको कोरोना भाइरस पनि यौन उन्मादी भोगविलासी युवती महिलाहरूमा विकास गरी यौन पर्यटक र वेश्यागमनमार्फत विश्वव्यापी प्रवाह संक्रमण गर्न र गराउन यौन आतंककारी तथा यौन व्यवसायीहरू सफल भएको देखिन्छ । यसैले कोरोना रोगबाट सुरक्षित रहन बच्न र बचाउन लकडाउन कार्यविधिमा यौन दुराचार वेश्यागमन, यौनजन्य क्रियाकलापप्रति विश्व स्वास्थ्य संगठन र कुनै पनि देशका सरकारले बन्देज गरेको देखिँदैन । कोरोनाभाइरस संक्रमण युद्धमा यौन व्यवसायीको यौन बम सहज र सरल संक्रमणको माध्यम बनेको अध्ययनले देखाउँछ । यसैले कोरोना भाइरस रोग संसारमा दीर्घकालसम्म मानव आतंकको रुपमा रहन सक्ने देखिन्छ ।

## इन्डियन...

पाइँदैन । अर्थात् इन्डियन इन्डिपेन्डेन्स एक्ट १९४७ मा पनि दार्जिलिङ, सिक्किम, कुमाउ र गढवालको कुनै उल्लेख गरिएको पाइँदैन । भारतको सीमाभित्र यी भूभाग समाबिष्ट भएको प्रमाण कतै फेला पर्दैन । इन्डियन इन्डिपेन्सेन्टस् एक्ट १९४७ मा बंगाल र पंजाबलाई पाकिस्तान र भारतभित्र पर्ने गरी पूर्वी बंगाल र पश्चिम बंगाल तथा पूर्वी पंजाब र पश्चिम पंजाबमा टुक्र्याइएको छ । बंगाललाई पूर्वी बंगालमा विभाजन गर्दा चिटागोंग (चटगाउँ) डिभिजन ढाका डिभिजन, प्रेसिडेन्सी डिभिजन र राजाशाही डिभिजन गर्दा लाहोर डिभिजन, रावलपिन्डी डिभिजन र सुल्तान डिभिजन भनी प्रत्येक डिभिजनभित्र हरेक स्थानको उल्लेख भएको छ । पाकिस्तान र इन्डियाका रुपमा इन्डिया विभाजित भएको सन्दर्भमा नापी नक्साका निम्ति सीमा आयोग गठन गरी त्यसैअनुसार सिमांकन भएको छ । त्यसको प्रतिवेदन खोज्न सकेमा नेपालको भूभागको स्थिति स्पष्ट हुन सक्छ । यसको अलावा सुगौलीमा हस्तान्तरित नेपालको भूभागको स्थिति स्पष्ट हुन सक्छ । इतिहासकारहरूको ध्यान विभिन्न एक्टहरूमा जानु जरुरी छ । यस सन्दर्भमा गभर्मेन्ट अफ इन्डिया एक्ट १९३५, ब्रिटिस सेटलमेन्ट एक्ट १८८७ र १९४५, इन्डियन एन्ड कोलोनियल डाइभोर्स जुरिस्डिक्सन एक्ट १९२६ र १९४० म्याट्रिमोनियल कलजेज एक्ट १९३७, इन्डियन सेन्ट्रल गभर्मेन्ट एन्ड लेजिसलेचर एक्ट १९४६ र क्याप्चुलेसन एक्ट १८१५ को गहन र सूक्ष्म अध्ययन गरिनु आवश्यक छ । यी कानुनहरूबाटै थप प्रमाणहरू जुटाउन सकिन्छ । यसतर्फ परराष्ट्र मन्त्रालयले सक्रियता देखाउन सक्नुपर्छ । उक्त सामग्रीहरू जुटाइ इतिहासविदहरूलाई अध्ययन गर्न लगाई नेपाली भूमिको खोजी गरिनुपर्छ ।